जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक २९  २०८२ मंसिर ७ गते आइतबार (Nov. 23, 2025) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## फेरी पनि कांग्रेस र एमालेकै सरकार बन्न सक्ने अवस्था

# संसद पुनर्स्थापनाको आधार तयार

काठमाडौं। आगामी फागुन २१ मा सहजै निर्वाचन हुननसक्ने अवस्था रहेको बिश्लेषणकासाथ बर्तमान सरकार सेना परिचालनको निष्कर्षमा पुगेको छभने नेकां र एमालेलगायतका दलहरु बिघटित संसदको पुनर्स्थापना एकमात्र बिकल्प भएको निष्कर्षमा पुगेका छन्। उनीहरु निर्वाचन भएमा त्यसमा पनि सहभागि हुने तयारीमा छन्। क्रान्तिकारी कम्युनिष्ट पार्टी लगायतले निर्वाचन बहिष्कारका लागि वातावरण तयारगर्दै लगेको देखिएको छ। त्यसैगरी सर्बोच्च अदालतले आगामी २० गतेबाट संसद पुनर्स्थापना सम्बन्धी रिटमा पुन सुनुवाई थाल्नेभएको छ। जसका लागि अदालतले गत कार्तिक १२ गतेनै बर्तमान सरकारलाई संसद बिघटनगर्नुको कारणबारे सातदिनभित्र जवाफ दिन आदेश गरेकामा सरकारी पक्षले हालसम्म उत्तर दिन सकेको छैन। निवर्तमान प्रधानमन्त्रि केपी



ओली र बिघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सर्बोच्च अदालतलाई गत भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले संसदको बैठक चलिरहेकै बेला संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गर्नुकासाथै त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा संसद बिघटनगर्नु असंवैधानिक कार्य भएकाले संसद पुनर्स्थापना हुनुपर्ने जिकिरका साथ आफ्नो प्रत्युत्तर दिनुभएको पाइएको छ। सर्बोच्च अदालतको ०७८ को एक फैसलाले पनि संसदबाट अर्को सरकार गठन हुनसक्ने अवस्था रहेसम्म संसद बिघटनगर्न नपाइने नजिर कायम गरेको छ। राष्ट्रपति पौडेलले गत भदौ २७ गते चालेको कदम समेत ०७२ को संविधान बिपरित रहेको कानून ब्यवसायीहरुले बताउनु भएको छ। सोही ब्यहोरा उल्लेख गरेर सर्बोच्चमा १७ वटा रिट दायर भएका छन्भने एमालेले फेरी अर्को रिट दायरगर्ने तयारी पनि गरेको छ। बर्तमान सरकारले आगामी फागुन २१ मा हुने भनिएको निर्वाचनका लागि वातावरण बनाउन तत्काल देशभर नेपाली सेनाको कमाण्डमा सुरक्षा फौज परिचालनगर्ने तयारी गरेपनि मन्त्रि परिषदको बैठकबाट निर्णयगर्न सक्केको छैन। प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा गतसाता सिंहदरबारमा बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले सेना परिचालनगर्न मन्त्रिपरिषद्समक्ष सिफारिसगर्ने गरिसक्केको छ। अब मन्त्रि परिषदले निर्णयगरी राष्ट्रपतिबाट स्वीकृत **बाँकी ८ पेजमा**

## क्रान्तिकारी कम्युनिष्ट पार्टीले भण्डाफोर गर्ने

काठमाडौं। सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीले आज मंसिर सातगतेबाट देशैभर संसदीय ब्यवस्था र पछिल्ला गतिबिधि बिरुद्ध भण्डाफोर अभियान थाल्ने भएको छ। सो पार्टीद्वारा जारी एक बिज्ञप्तिमा उल्लेख भएअनुसार सुशिला कार्की नेतृत्वको वर्तमान सरकारलाई अपदस्तगरी साम्राज्यवाद र विस्तारवादविरोधी सच्चा देशभक्त, प्रगतिशील तथा क्रान्तिकारी शक्तिहरुको नेतृत्वमा संयुक्त स्वाधीन सरकारको गठनगर्न क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले आज मंसिर सातगतेबाट मंसिरभर देशव्यापी रुपमा भण्डाफोर जनसभाको आयोजनागर्न लागेको हो। जसअनुसार आज महेन्द्रनगर, धनगढी सुर्खेत, घोराही, बुटवल, बागलुङबजार, पोखरा, भरतपुर, विदुर, काठमाडौं, धुलिखेल, विरगञ्ज, धनुषा, गाईघाट, धरान र विराटनगरमा जनसभाहरुको आयोजना गरिंदैछ। जनसभालाई पार्टी महासचिव सिपि गजुरेलसहित स्थायी समिति सदस्यहरु र पोलिटब्यूरो सदस्यहरुले वक्ताकारुपमा सम्बोधनगर्ने कार्यक्रम छ। सो पार्टीले यसअघिनै मंसिर महिनाभरि भ्रष्टाचारी र दलालहरुको भण्डाफोरगर्ने कार्यक्रम बनाएको **बाँकी ८ पेजमा**

## माओवादीद्वारा सर्वपक्षीय सरकारको माग

काठमाडौं। नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (माओवादी) ले सर्वपक्षीय सरकारको मागगरेको छ। सो पार्टीका महासचिव चन्दले एक प्रेस विज्ञप्ति जारीगर्दै सहित भ्रष्टाचारीलाई सर्वस्वहरणसहित जन्मकैदगर्ने माग पनि गर्नुभएको छ। उहाँले बक्तब्यमा देशलाई सधैं विद्रोहको बाटोमा नधकेल्नका लागि विस्तृत शान्ति सम्झौताका सहमतिहरुलाई अक्षरशः लागूगरिनुपर्ने माग पनि गर्नुभएको छ। नयाँ सहमतिका लागि नेकपा (माओवादी) ले छवटा राष्ट्रिय महत्वका प्रस्तावहरु प्रस्तुत गरेको छ। जसमा सुशीला नेतृत्वको सरकारका ठाउँमा सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नुपर्ने प्रस्ताव गरिएको छ। त्यस्तै सो पार्टीले वर्तमान संविधान संशोधनगरी उच्चस्तरीय निकाय खडागरी संविधान पुनर्लेखन,अग्राधिकार सहितको संविधानमा नयाँ शासकीय स्वरुप सुनिश्चितगरी प्रत्यक्ष कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचनमा जानुपर्ने प्रस्ताव नेकपा माओवादीको छ। त्यस्तै राष्ट्रघाती सन्धिसम्झौताहरु खारेज र पुनरावलोकन र भ्रष्टाचारीहरुलाई

## जनार्दन शर्मा पनि दक्षिणपन्थी राजनीतिमा

काठमाडौं। पूर्व माओवादी कमाण्डर तथा नेता जनार्दशन शर्मा पनि दक्षिणपन्थी राजनीतिमा सक्रिय हुनुभएको थाहाभएको छ। उहाँले यसअघि तत्कालीन माओवादी केन्द्रबाट अलगहुँदा चर्को क्रान्तिकारी नारा दिनुभएको थियो। प्राप्त समाचारअनुसार आज मंसिर सातगते बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), जनार्दन शर्मा नेतृत्वको प्रगतिशील राष्ट्रिय अभियान र सन्तोष परियार नेतृत्वको समूहलगायतका बीचमा एकताको घोषणा हुने भएको छ। वृहत् एकता घोषणासभाको तयारी तीव्र गतिमा अघि बढेको नेसपा (नयाँ शक्ति) का प्रचार विभाग प्रमुख रेखी गुरुङले जानकारी दिनुभएको छ। आज काठमाडौंको राष्ट्रिय सभागृहमा हुने कार्यक्रममा बिभिन्न समूहहरुलाई ल्याउनेगरी छलफल भइरहेको बताइएको छ। नेसपा नयाँ शक्तिसहित प्रगतिशील राष्ट्रिय अभियान र परियार समूहबिच गत कात्तिक २८ गते एकता सहमतिमा हस्ताक्षर भएको थियो। एकता सभा कार्यक्रममा नयाँ र वैकल्पिक पार्टीलाईमात्र निम्तो दिइएको बताइन्छ। नयाँ शक्तिले विवेकशील साझा, नागरिक उन्मुक्ति पार्टी **बाँकी ८ पेजमा**

## भारतमा माओवादीका सैनिक कमाण्डरको हत्या

काठमाडौं। भारतमा हालैमात्र माओवादीका सैनिक कमाण्डरको हत्या भएको थाहाभएको छ। यसैक्रममा नेपालको क्रान्तिकारी कम्युनिष्ट पार्टीका महासचिव सिपि गजुरेलले एक बक्तब्य प्रकाशितगरी भारतीय कम्युनिष्ट पार्टी (माओवादी)का केन्द्रीय समिति सदस्य तथा जनमुक्ति छापामार सेनाका कमाण्डर सन्तोश माद्वी हिड्मा, उहाँकी श्रीमति राजे र अन्य चारजनाको आन्ध्र प्रदेशको सितारामराजु जिल्लामा गत मंसिर दुई (१८ नोभेम्बर) गते गिरफ्तारीपछि हत्या गरिएकोभन्दै सो हत्याको निन्दा र भत्सर्ना गर्नुभएको छ। उहाँले एक प्रेस वक्तव्य जारीगर्दै कमरेड हिड्मालगायत माओवादी नेता कार्यकर्ताहरुको हत्यालाई मोदी सरकारको चरम फाँसीवादी कदमको संज्ञा दिनुभएको छ। वक्तव्यमा हामी यस हत्याकाण्डमा सहादत प्राप्तगर्ने हिड्मालगायत सम्पूर्ण अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली तथा सर्वहारा अन्तर्राष्ट्रियतावादी लालसलाम अर्पण गर्दछौं। यो दुःखद घडिमा हामी भाकपा (माओवादी) को केन्द्रीय समिति **बाँकी ८ पेजमा**

## नेपाली सेनामा अमेरिकी प्रभाव बढ्दो

काठमाडौं। अमेरिकी सेनाले नेपाली सेनामा आफ्नो प्रभाव थप बढाउने प्रयास गरिरहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। गत भदौ २३ र २४ को बिध्वंशपछि अमेरिकाले नेपालमा लागू गराइएको आफ्नो एमसीसी परियोजनामा सहायता बढाउने घोषणा पनि गरेको छ। प्राप्त समाचारहरुअनुसार नेपाली सेना र अमेरिकी सेनाबीच सन् २०१८ देखि सञ्चालनहुँदै आइरहेको नेपाल-अमेरिका स्थल सेनाबीच अनुभव साटासाट तथा छलफल कार्यक्रम(एलएफटी)को छैठौं संस्करण गतसाताबाट काठमाडौंमा शुरुभएको थियो। नेपाली सेनाको जंगी अड्डामामा भैरहेको तीनदिने कार्यक्रममा दुई राष्ट्रबीच विश्व शान्ति स्थापना कार्य, मानवीय सहयोग र विपद् प्रतिकार्यलगायत विषयहरुमा अनुभव तथा **बाँकी ८ पेजमा**

## जनसंविधान निर्माणका लागि संघर्षको घोषणा

काठमाडौं,६ मंसिर। नेकपा(बहुमत) ले जनसंविधान निर्माणका लागि जनसंघर्ष अभियानको घोषणा गरेको छ। सो पार्टीले मंसिर महिनाभरी प्रदेशस्तरिय अन्तरक्रियागर्ने, पुस महिनाभरी वडा र पालिकास्तरमा विविध जनजागरण कार्यक्रमगर्ने र माग १० गते सबै प्रदेश राजधानीमा जनसभागर्ने कार्यक्रम पनि सार्बजनिक गरेको छ। धर्मेन्द्र बास्तोला नेतृत्वको सो पार्टीले गत शुक्रबार काठमाडौंको संवाद डबलीमा एक पत्रकार सम्मेलनको



आयोजनागरी उपरोक्त घोषणा गरेको हो। त्यसक्रममा महासचिव बास्तोलाले सुशीला कार्की नेतृत्व बर्तमान सरकारको विघटन र अन्तरिम स्वाधीन संयुक्त सरकारको गठनको मागसमेत गर्नुभएको थियो। उहाँले ०६३ साल मंसिर पाँच गतेका दिन भएको वृहत्त शान्ति सम्झौताका मुद्धाहरु समाप्तभएको जिकिरगर्दै माओवादी र दलहरुबीच भएको शान्ति सम्झौतामार्फत महान जनयुद्धका उद्देश्यहरुको विधिवत विसर्जन गरिएको बताउनु भएको थियो। महासचिव बास्तोलाले **बाँकी ८ पेजमा**

## नेपाली कम्युनिष्ट पार्टीले प्रदेशहरुमा सभागर्ने

काठमाडौं। पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीले प्रदेशहरुलाई बिशेष महत्व दिएर कार्यक्रम सञ्चालनगर्न लागेको छ। सो पार्टीले यही मंसिर नौदेखि २७ गतेसम्म सातै प्रदेशमा सन्देश सभागर्ने घोषणा गरेको छ। सो पार्टीको केन्द्रीय कार्यालय कोटेश्वरमा बसेको बिभिन्न पूर्व समूहका पूर्वपदाधिकारीहरुको बैठकले एकताको सन्देश दिनेगरी सन्देश सभागर्ने निर्णयगरेको बताइएको छ। सो पार्टीका नेता भीम रावलले सातै प्रदेशमा एकतामा आएका सबै समूहका नेता कार्यकर्ता सहभागीभई सन्देश सभा गरिने बताउनुभएको छ। उहाँकाअनुसार कुन प्रदेशमा कुन समयमा को, को नेता सहभागी हुने भन्नेबारे विस्तृत कार्ययोजना **बाँकी ८ पेजमा**

## सीमा सुरक्षा कडा, विदेशी निगरानी बढ्दो

काठमाडौं। नेपालमा हालैका दिनमा चीन र भारत दुबैतर्फ सीमा सुरक्षा कडा पारिएको छभने नेपाल आएका विदेशीहरुमाथि निगरानी बढाउन थालिएको थाहाभएको छ। प्राप्त समाचारअनुसार नेपालको सशस्त्र प्रहरी बल र भारतको सशस्त्र सीमा बल ( एसएसबी) बीच गतसाता संयुक्त सीमा गस्ती र सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य बढाउने समझदारी भएको छ। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल र भारतको सशस्त्र सीमा बल ( एसएसबी) का महानिर्देशक संजय सिंघल नेतृत्वको भारतीय प्रतिनिधि मण्डल बीचको दिल्लीमा भएको द्विपक्षीय नवौं समन्वयात्मक बैठकमा सीमा अपराध नियन्त्रण, लागूऔषध ओसार-पसार नियन्त्रण लगायतका बारेमा उपरोक्त संझौता भएको हो। त्यसैगरी सीमा क्षेत्रमा हुने अवैध चोरी निकाशी तथा पैठारी नियन्त्रण, अवैध आवत-जावत नियन्त्रण, सूचना तथा तालिम आदान-प्रदान गर्नेबारेमा बिचारविमर्श **बाँकी ८ पेजमा**

## राजमोले आगामी २१ गतेबाट प्रचार थाल्ने

काठमाडौं। चित्रबहादुर केसी अध्यक्ष रहेको राष्ट्रिय जनमोर्चाले आगामी २१ गतेदेखि समसामयिक राजनीतिक परिस्थितिबारे पार्टीको धारणा सार्वजनिकगर्न देशव्यापी प्रचारात्मक अभियान थाल्ने भएको छ। सभा हुने जिल्ला र वक्ताहरुमा रुपन्देहीमा अध्यक्ष चित्रबहादुर केसी, बागलुङमा केन्द्रीय सल्लाहकार अमर थापा र सुवास जिसी, प्युठानमा उपाध्यक्ष दुर्गा पौडेल, अर्घाखाँचीमा बोमबहादुर खत्री, दाङमा मीना पुन, बाँकेमा जनकराज शर्मा, कैलालीमा मनोज भट्ट, कञ्चनपुरमा मनोज भट्ट, डोटीमा मनोज भट्ट, सुर्खेतमा रश्मीराज नेपाली, कपिलवस्तुमा भैरव रेग्मी, गुल्मीमा राजेन्द्र ढुंगाना, नवलपुरमा कृष्ण अधिकारी, काठमाडौंमा आनन्द शर्मा, चितवनमा सानोभाइ कार्की, बारामा राजेन्द्र ढुंगाना, नवलपरासीमा बद्रे

**समाचार विश्लेषण**

आलम, पाल्पामा सुरेश थापा, रोल्पामा ज्ञानुराम न्यौपाने र कास्कीमा शंकर बराल खटिनु भएको छ। उपरोक्त बाहेकका अन्य जिल्लाले पनि जिल्लास्तरीय सभागर्ने ठेगान भएको बताइएको छ। अध्यक्ष चित्रबहादुर केसीले हिजो जारी गर्नुभएको एक बक्तब्यमा उपरोक्त कुरा उल्लेख छ। उहाँले बक्तब्यमा उल्लेख गर्नुभए अनुसार राष्ट्रिय जनमोर्चा केन्द्रीय कार्यालयको बैठक बुटवलमा सम्पन्न भयो। बैठकले देशको समसामयिक राजनीतिक परिस्थितिमाथि गम्भीरतापूर्वक छलफल गर्‍यो। देशको विद्यमान राजनीतिकको केन्द्रमा जेनजी आन्दोलन र त्यसबाट उत्पन्न परिस्थिति नै रहेको छ। त्यसबारे पार्टीले समय समयमा आफ्ना धारणा पनि सार्वजनिकगर्दै आएको छ। भ्रष्टाचारका विरुद्ध नारा दिएर जेनजीद्वारा सञ्चालित आन्दोलनलाई देशीविदेशी प्रतिक्रियावादी शक्तिले हाइज्याक गरेर आआफ्नो प्रतिगामी राजनीतिक उद्देश्यका लागि प्रयोगगर्न सफल भएका छन्। संसदको विघटन, संविधान बाहिरबाट सरकारको गठनजस्ता असंवैधानिक कार्य जेनजी आन्दोलनको नाममा भएका **बाँकी ८ पेजमा**

## भदौ २४ को बिध्वंशको छानविनगर्न माग

काठमाडौं। एमालेले हिजो काठमाडौंमा शक्ति प्रदर्शन गर्नुकासाथै बिघटित संसदको पुनर्स्थापना र गत भदौ २४ को बिध्वंशको छानविनगर्न मागगरेको छ। एमाले बागमती प्रदेश कमिटीको आयोजनामा हिजो प्रदर्शनीमार्गमा जनप्रदर्शन तथा जन[redacted] गरिएको थियो। प्रदर्श[redacted] बागमति प्रदेशका अधिकाश जिल्लाबाट एमालेका नेता तथा कार्यकर्ताहरु काठमाडौं आएका थिए। त्यसअघि गत शुक्रबार एमालेले नेशनल भोलेन्टियर फोर्स घोषणा गरेको थियो। एमालेले आफ्नो पार्टीको ११ औं राष्ट्रिय महाधिवेशन सम्पन्नगर्न बिभिन्नहरु समिति समेत गठन गरिसकेको छ। एमालेले यही मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा ११औं महाधिवेशनगर्ने कार्यक्रम राखेको छ। ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालयमा गतसाता बसेको ६०औं सचिवालय बैठकले उपरोक्त निर्णयहरु गरेको थियो। बैठकले बैठकले महासचिव शंकर पोखरेल संयोजक, उममहासचिव पृथ्वीसुब्बा गुरुङ सचिव र सचिव योगेश भट्टराई सदस्य रहेको सचिवालय गठन गरेको छ। त्यस्तै उपमहासचिव प्रदीप ज्ञवाली संयोजक र वागमती प्रदेश इञ्चार्ज डा.राजन भट्टराई सचिव रहेको जनपरिचालन कमिटी, केन्द्रीय संगठन विभाग प्रमुख काशीनाथ अधिकारीको संयोजकत्व र विभागका सचिव माधब ढुंगेल सचिव रहेको प्रतिनिधि व्यवस्थापन समिति गठन गरिएको छ। त्यस्तै आवास व्यवस्थापन [redacted]को संयोजकमा सचिव[redacted] विश्वकर्मा र सचिव [redacted] सदस्य लालबाबु प[redacted] व्यवस्थापन समितिको [redacted]मा सचिव लेखराज भट्ट र सचिवमा डा. भिष्म अधिकारी रहनु भएको छ। त्यसैगरी बैठकले यातायात व्यवस्थान समितिको संयोजक सचिव गोकर्ण विष्ट र सचिव रचना खड्का, अतिथि सत्कार समितिको संयोजकमा सचिव रघुविर महासेठ र सचिव महेश वर्तौला, प्रचार समितिको संयोजकमा सचिव पद्मा अर्याल र सचिव राजेन्द्र गौतम रहनुभएको छ। त्यसैगरी बैठकले स्वयंसेवक **बाँकी ८ पेजमा**

## संसद.....

भएपछि तत्काल सेना परिचालन हुने छ। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्नगर्न ०७२ को संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेनाको परिचालनगर्न मन्त्रिपरिषद् समक्ष सिफारिसगर्ने निर्णय भएको बताइएको छ। प्रधानमन्त्री सुशीला कार्कीले समेत दलहरु सहमतिमा नआए निर्वाचन गराउन कठीन हुने बताउनु भएको छ। गतसाता बिभिन्न राजनीतिक दलसँगको छलफललाई सम्बोधनगर्दै प्रधानमन्त्री कार्कीले उपरोक्त कुरा बताउनुभएको थियो। सरकारको कामकारवाही र आगामी निर्वाचनको तयारीबारे जानकारी दिने उद्देश्यले प्रम कार्कीले सिंहदरबारमा सर्वदलीय बैठक बोलाउनुभएको थियो। बैठकमा नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टी लगायतका निर्वाचन आयोगमा दर्ताभएका १२५ दलका बिभिन्न दलका नेताहरुको सहभागिता रहेको थियो। निर्वाचन आयोगमा हालसम्म प्रतिनिधिसभा निर्वाचनको प्रयोजनका लागि ३७ वटा मात्र दल दर्ताभएको थाहाभएको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि हालसम्म ३७ वटा र राष्ट्रियसभा निर्वाचन प्रयोजनका लागि सातवटा दल दर्ताभएको जानकारी दिनुभएको छ। त्यसैगरी आयोगमा हालसम्म दर्ताभएका दलको संख्या १२६ पुगेको र ३० दल दर्ता प्रक्रियामा रहेको उहाँले बताउनुभएको छ। आगामी फागुन २० गतेसम्म १८ बर्ष उमेर पूराहुने मतदाताको विवरण यही मंसिर २० गते आयोगको वेबसाइटमा प्रकाशनगर्ने र त्यसमाथि कुनै त्रुटि वा उजुरी भएमा मंसिर २१ देखि २७ गते सच्चाउन सकिने भनिएको छ। विवरण सच्याउने काम सकिएपछि आगामी पुस १५ गते मतदाताको अन्तिम नामावली सार्वजनिकगर्ने निर्वाचन आयोगले जनाएको छ। उता आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनका विविध आयाम तथा बिद्यमान अवस्था तथा समग्र सुरक्षा अवस्थाबारे प्रारम्भिक विश्लेषण गरिएको छ। गृह मंन्त्रालयले निर्वाचन सुरक्षा योजना तयार गर्नुअघि जिल्ला सुरक्षा समिति तथा बिभिन्न सुरक्षा निकायमार्फत ७७ वटै जिल्लाको समग्र सुरक्षा अवस्था र मतदान केन्द्रहरुको सुरक्षा संवेदनशीलताबारे विवरणहरु संकलनगरेको छ। जिल्ला सुरक्षा समितिहरुले मन्त्रालयलाई पठाएको विवरणमा आगामी निर्वाचनमा देशभर जम्मा १० हजार ३६९ मतदान केन्द्र रहने र विगतको तुलनामा सुरक्षा संवेदनशीलता बढ्न सक्ने आंकलन गरिएको छ। निर्वाचन हुने एक तिहाइ अर्थात् तीन हजार ३५२ मतदान केन्द्र सुरक्षाको दृष्टिले अति संवेदनशील रहेको उक्त विवरणमा उल्लेख छ। यस पटक चारहजार २८० मतदान केन्द्र संवेदनशील रहेको निष्कर्ष छ। जुन अघिल्लो निर्वाचनमा चारहजार ४२३ रहेका थिए। गत भदौ २३-२४ गते जेनजी आन्दोलनले हिंसात्मकरुप लिएसँगै देशभरका कारागारबाट १४ हजारभन्दा बढी कैदी फरार भएका थिए। झन्डै पाँचहजार २०० कैदी र ४०० बिभिन्न प्रकारका हतियार नियन्त्रणमा आएका छैनन्। ती कैदी र हतियार निर्वाचनमा दुरुपयोग हुनसक्ने आंकलन पनि भैरहेको छ। यसरी निर्वाचन हुन कठीन बन्दैगएको देखिएपछि प्रधानमन्त्रि सुशीला कार्कीले पदबाट राजीनामा दिन लाग्नुभएका समाचारहरु पनि बाहिर आएका छन्। मंसिर भित्रमा संसद पुनर्स्थापना हुने संभावना बढेकोभन्दै राजनीतिक क्षेत्रमा फेरी नेपाली कांग्रेस र एमालेलगायतका दलहरुको सरकार गठन हुने चर्चा चल्न थालेको छ।

## भारतमा.....

लगायत सम्पूर्ण पार्टी सदस्यहरु, जनमुक्ति छापामार सेना, भारतीय सर्वहारा वर्ग तथा आम क्रान्तिकारी जनता र शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौं भनिएको छ। भारतको आन्ध्र प्रदेशको राम्पाचोडावरम वन क्षेत्रमा सुरक्षा बल र माओवादीबीच भएको थियो। इन्टेलिजेन्स एडीजी महेशचन्द्र लड्डालाई उद्धृतगर्दै एजेन्सीहरुले जनाएअनुसार माओवादीहरु छत्तीसगढ र तेलंगानाबाट आन्ध्र प्रदेश प्रवेशगर्न खोजेपछि भिडन्त भएको हो। गत ७ नोभेम्बरदेखि माओवादी बिरुद्ध सञ्चालन गरिएको अपरेसनअन्तर्गत गत अक्टोवर १८ तारिखको बिहान भएको भिडन्तमा केन्द्रीय समिति सदस्य हिड्मासहित पाँच माओवादी मारिएका थिए। त्यहाँको प्रहरीले गत केही दिनमा एलुरु, काकिनाडा र कोनसेमा जिल्लाबाट ५० जनालाई पक्राउ गरिएको दाबिसमेत गरेको छ। जसमा स्पेशल जोनल कमिटी सदस्यदेखि लिएर प्लाटुन, डिभिजन र क्षेत्रीय समिति सदस्यसम्म सामेल रहेका छन्। उनीहरुबाट ठूलो मात्रामा हतियार र विष्फोटक पर्दासमेत बरामद गरिएको बताइएको छ। छत्तीसगढका सुकमा, विजापुर, नारायणपुर र बस्तर जिल्लामा बढ्दो सुरक्षा दबाब तथा हिड्माको मृत्युपछि माओवादीहरु आन्ध्र प्रदेश प्रवेशगरी शहरी क्षेत्रमा लुकेर पुनः संगठन निर्माण र भाबि योजना बनाउन खोजेको त्यहाँको प्रहरीको आरोप छ। डीजीपी हरीश कुमार गुप्ता, एडीजी महेशकुमार लड्डा र सीआईबी प्रमुख रामकृष्णाको समन्वयमा चलाइएको बहुएजेन्सी अपरेसन सफल भएको भारतीय प्रहरीले दाबी गरेको छ।

## नेपाली.....

बनाउनेक्रम जारी छ। सो कार्ययोजना आजभोली नै सार्बजनिक हुने छ। नेता रावलले तत्काल सन्देशसभा आयोजना गरेर एकताको सन्देश दिने पार्टीको भावी योजना र कार्यक्रमबारे प्रशिक्षितगर्ने पनि बताउनु भएको छ। सातै प्रदेशमा सन्देश सभा आयोजनापछि ७७ जिल्लामा एकैदिन हुनेगरी सन्देश सभागर्ने अर्को कार्यक्रम रहेको छ। त्यसपछि ७५३ स्थानीय तहमा सभागर्ने तयारी रहेको बताइन्छ।

## नेपाली....

सहयोग आदान-प्रदान हुने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको थियो। प्रधानसेनापति अशोकराज सिग्देलसँग उक्त कार्यक्रमका लागि नेपाल आउनुभएका अमेरिकी सेनाको प्रशान्त क्षेत्रका टोली प्रमुख लेफ्टिनेन्ट जनरल स्कोट ए वीन्टरले शिष्टाचार भेटवार्ता गर्नुभएको बताइएको छ। यसैबीच संयुक्त राज्य अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले एमसिसी नेपालको सम्झौतामा पाँच करोड अमेरिकी डलर (करिब सात अर्ब रुपैयाँ) को अनुदान रकम थपगर्ने घोषणा गरेको छ। अब उक्त सम्झौताअन्तर्गत उपलब्ध कूल रकम ७४ करोड ७० लाख अमेरिकी डलर (करिब एक खर्ब छ अर्ब रुपैयाँ) पुगेको छ। जसमा अमेरिकाको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख डलर रहने भनिएको छ। जबकी नेपालले हालसम्म एमसीसीका लागि २० अर्बभन्दा बढी खर्च गरिसकेको छ। अमेरिकाकातर्फबाट आउने भनिएको रकम प्राप्त भएको छैन। तर अमेरिकामा भएका बिभिन्न बैठक र नेपाल आएका बिभिन्न अमेरिकी अधिकारीका लागि सो रकम खर्च भएको बताउने गरिएको छ। पछिल्लो समय थपिएको श्रोतले प्राथमिकता प्राप्त बिद्युत प्रसारण पूर्वाधारलाई पूर्णबनाउने, नेपालको ऊर्जा प्रणालीको सुदृढीकरणगर्ने र क्षेत्रीय ऊर्जा व्यापारको अभिवृद्धिलाई सम्भव बनाउनेजस्ता सो सम्झौताका मुख्य उद्देश्यहरु पूरागर्न मद्दत गर्ने भनिएको छ। ऊर्जा ग्रिडको विश्वसनीयता र बजार पहुँचमा सुधारगरी यस सम्झौताले अन्तराष्ट्रिय कनेक्टिभिटीमा सहयोग पुऱ्याउन र ऊर्जा पूर्वाधारमा अमेरिकी उत्कृष्टता तथा असल अभ्यासहरुको प्रवर्द्धनगर्ने अपेक्षा राखिएको बताइन्छ। उक्त सम्झौताले अमेरिकी प्रविधि र कम्पनीहरुका लागि नेपाली बजारमा प्रवेशगर्ने अवसरहरुको विस्तारगर्ने पनि प्रचार गरिएको छ।

## सीमा....

भएको थाहाभएको छ। गत कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँदिल्लीमा सञ्चालित सो बैठकमा गत ०८१ मंसिरमा काठमाडौंमा सम्पन्न आठौं समन्वयात्मक बैठकबाट पारित एजेण्डा कार्यान्वयको विषयमा समेत समीक्षा भएको थियो। यसैबीच नेपालको अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले नेपाल आउने विदेशीहरुमाथि अब कडारुपमा निगरानी गर्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभएको छ। मुलुकभित्र अनेकौं स्वार्थमा विदेशीहरु आउने र चलखेल गर्नसक्ने भएकाले अब हरेक विदेशीमाथि निगरान गर्न जरुरी रहेको उहाँले बताउनुभएको छ। अध्यागमन ऐन-०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरुको सम्बन्धमा सरोकारवाला निकाय एवं विज्ञहरुसँगको हालैको एक छलफलमा तिवारीले त्यस्ता नागरिकहरुमाथि निगरानी नगरिए राष्ट्र कमजोर हुने खतरा रहेको बताउनु भएको हो। उहाँकाअनुसार विदेशीहरु नेपालमा कुन स्वार्थले आउछन् त्यसका समग्र पक्षकाबारेमा हेर्ने एउटा विज्ञ समूह बनाउनुपर्ने भएको छ। विदेशीहरु सिंहदरबारमा आएर डुल्दासमेत निगरानी नभएकोभन्दै उहाँले असन्तुष्टि समेत व्यक्त गर्नुभएको थियो। महानिर्देशक तिवारीले अध्यागमन रिफर्ममा नतिजा दिनेगरी काम अघिबढाइएको बताउँदै अध्यागम रिफर्मको काम विभागले अन्दोलननै जसरी गरेको दाबि गर्नुभएको थियो। सिष्टमको इडिगेसनगर्न राष्ट्रिय परिपत्रसँग सिष्टममा जोडिँदैछ। यसबारे मन्त्रिपरिषद्ले समेत निर्णय गरेकाले छिट्टै यो काम पूराहुने उहाँले बताउनुभएको थियो। तिवारीकाअनुसार अरु ५-७ वटा एजेन्सीसँग अध्यागनको सिष्टममा जोड्न काम भइरहेको छ। पर्याप्त जनशक्ति नहुँदा अन्य निकायमा रहेका अलि काम कमभएका कर्मचारी राखेर एउटा ल्याव बनाएर आइटीमा सुधारको काम हरेक दिन भइरहेको छ।

## क्रान्तिकारी....

थियो। सो पार्टीको केन्द्रीय कार्यालयले जारीगरेको एक अपिलमा साम्राज्यवाद र विस्तारवाद विरोधी सबै राजनीतिक दल, संगठन, समूह तथा व्यक्ति-व्यक्तित्वहरुको राष्ट्रिय राजनीतिक सम्मेलन, वर्तमान कठपुतली सरकारको विघटन र उक्त सम्मेलनद्वारा गठित स्वाधीन संयुक्त सरकार आजको तत्कालीन राजनीतिक निकाश हो। यसप्रकारको सरकारले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, जनजीविका तथा जनवादका समस्या हलगरी अग्रगमनको बाटो खोल्ने छ। यसका लागि जुन हदसम्म नीतिहरु मिल्न सक्छन्, त्यो हदसम्म बिभिन्न पार्टी, संगठन, समूह तथा व्यक्तिहरुका बीचमा संयुक्त मोर्चा बनाएर तलसम्म जनतालाई आन्दोलित बनाउनु आजको आवश्यकता हो। त्यसैले हाम्रो पार्टी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले संयुक्त आन्दोलन अगाडि बढाउन चाहन्छ। यसै सिलसिलामा पार्टीले साम्राज्यवाद, विस्तारवाद, प्रतिगमन, यथास्थितिवाद र भ्रष्टाचारका विरोधमा कार्तिक २३ गतेको पत्रकार सम्मेलनदेखि मंसिरसम्म चरणबद्ध कार्यक्रमगर्न गइरहेको छ भनिएको छ। यस अभियानमा सहभागी हुन र यसलाई विविध प्रकारले सहयोगगर्न सम्पूर्ण देशभक्त वामपन्थी तथा जनवादी शक्तिहरु तथा मजदुर, किसान, व्यापारी, युवा, बिद्यार्थी लगायत सबै तह र तप्काका जनतालाई हार्दिक अपील पनि गरिएको छ।

## माओवादी.....

सर्वोस्वहरणसहित जन्मकैद गरिनुपर्ने प्रस्ताव पनि गरेको छ। निर्वाचन आयोगले नेत्रविक्रम चन्द नेतृत्वको नेकपा(माओवादी) लाई गतसातामात्र दल दर्ताको प्रमाणपत्र दिएको थियो। सो पार्टीले यसअघि कपाने पार्टीको नाममा निवेदन दिएको थियो। निर्वाचन आयोजले माओवादी केन्द्रको दर्ता खारेज गरेपछि चन्दलाई उपरोक्त नाम राख्न स्वीकार गरेको हो। सो दलले गुलाब निर्वाचन चिन्हपाएको छ। गत कात्तिक ११ गते आयोगको कार्यालय पुगेर कम्युनिष्ट पार्टी नेपालका नाममा सो पार्टीका नेता सन्तोष बुढामगर, प्रवक्ता खड्गबहादुर विश्वकर्मा सहितका नेताले दल दर्ताको निवेदन दिनुभएको थियो। त्यस लगत्तै नवगठित नेकपा(माओवादी) ले प्रधानमन्त्रि सुशीला कार्कीलाई भेटी बर्तमान सरकारलाई आफ्नो पार्टीको समर्थन रहेको जानकारी पनि दिएको थियो।

## जनार्दन.....

नेपाल, जेनजीका बिभिन्न समूहसँग एकताका लागि छलफल जारीराखेको तर निष्कर्षमा नपुगेको सो समूहका प्रवक्ता कृष्ण शर्माले जानकारी दिनुभएको छ। डा. भट्टराईले कम्युनिष्ट पार्टी र राजनीति दुबै छाड्नुकासाथै आगामी १५ बर्षमा नेपालमा कुनैपनि कम्युनिष्ट पार्टी नरहने योजना पनि सार्बजनिक गर्नुभएको छ। डा. भट्टराईसँग पार्टी एकता गरेपछि जनार्दन शर्माको अशली अनुहार प्रष्ट हुने राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

## जनसंविधान....

जनसंविधान निर्माणमात्रै देशको निकासको एकमात्र अस्त्र भएको बताउँदै दलहरु संसद पुनस्थापनाको पश्चगामी बाटोमा नगएर अन्तरिम स्वाधिन संयुक्त सरकार गठनगरी जनताका अधिकारको सुनिश्चित गर्नसकिन्छ भन्नुभएको थियो। उहाँले जनसंविधानमार्फत कृषि उद्योग र आवासका लागि निःशुल्क जमिन,शिक्षा र स्वास्थ्य निजिकरण मुक्त, राज्य नेतृत्वको औद्योगिक प्रणाली बनाउनुपर्ने बनाउनुपर्ने बताउनुभएको थियो। बास्तोलाले देशमा व्याप्त भ्रष्टाचार न्युनिकरणगर्न अधिकार सम्मपन्न सम्पत्ति छानविन आयोगको गठनलगायतका माग गर्नुभएको छ। पत्रकार सम्मेलनमा सो पार्टीका सचिवालय सदस्य उदयबहादुर चलाउनेले वर्तमान सुशीला कार्की नेतृत्वको सरकारले थप जटिलता निम्त्याएको बताउनु भएको थियो। उहाँले आगामी फागुन २१ का लागि निर्धारित निर्वाचन अहिलेकै अवस्थामा हुननसक्ने र यही अवस्थामा भए त्यसको कडा प्रतिवाद गरिने चेतावनी पनि दिनुभएको थियो।

## राजमो.....

छन्। आगामी फागुन २१ गते आमनिर्वाचनको मिति तोकिए पनि सरकारले अझै निर्वाचनका पक्षमा विश्वसनीय वातावरण बनाउन सकेको छैन। प्रतिनिधिसभा पुनःस्थापनाका लागि पनि सर्वोच्च अदालतमा रिट परेको छ। प्रतिनिधिसभा पुनर्स्थापनाको मागलाई पनि पूरैगलत भन्नसकिने अवस्था छैन। कतिपय शक्ति कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतीय निर्वाचन प्रणालीमा मुलुकलाई लैजान वर्तमान संविधानलाई खतमगर्न उद्यत छन्। मुलुकमा अहिले पनि प्रतिगमनको खतरा कायमै छ। देशको राष्ट्रियता तथा सार्वभौमसत्ताका विरुद्ध साम्राज्यवादी शक्तिले षड्यन्त्र गरिरहेका छन्। राष्ट्रियताको रक्षाका लागि बिभिन्न साम्राज्यवादी शक्तिका विरुद्ध संघर्ष गर्नुपर्ने आवश्यकता झन बढेरगएको छ। गत भदौ २३ गते राज्यबाट भएको अत्यधिक र अनावश्यक बलप्रयोग तथा २४ गते भएको आगजनी र ध्वंसात्मक कार्यका लागि जिम्मेवार सरकार उच्चपदस्थ कर्मचारी तथा व्यक्ति जोजो जिम्मेवार छन्, उनीहरुलाई कारवाही गरिनुपर्दछ। ०१७ सालदेखि हालसम्म भएका भ्रष्टाचारजन्य कार्यका लागि बिभिन्न सरकारमा संलग्न व्यक्ति तथा उच्चपदस्थ कर्मचारीमाथि छानबिनगरी आवश्यक कारवाही गरिनुपर्दछ। बक्तब्यका अन्त्यमा मुलुकका अगाडि देखापरेका यी सबै समस्याका विरुद्ध संघर्षगर्न जनताको चेतना र संगठनलाई माथि उठाउनुपर्ने आवश्यकता छ। त्यही कुरालाई मध्येनजरगर्दै बैठकले आगामी २१ देखि मसान्तसम्म केन्द्रबाटनै केन्द्रीय वक्ताले सम्बोधन गर्नेगरी बिभिन्न जिल्लामा प्रचारात्मक सभागर्ने ठेगान भएको भनिएको छ।

## भदौ....

परिचालन समितिको संयोजकमा भानुभक्त ढकाल र सचिव विनोद पाण्डे, मञ्च व्यवस्थापन समितिको संयोजकमा विनोद श्रेष्ठ र सचिव लोकवहादुर भण्डारी, स्वास्थ्य समितिको संयोजकमा कृष्णगोपाल श्रेष्ठ र सचिव राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ, आर्थिक समितिको संयोजकमा उपमहासचिव विष्णु रिमाल र सचिवमा विना श्रेष्ठ, निर्वाचनका आयोगका अध्यक्ष डा विजय सुब्बा संयोजक रहेको निर्वाचन संयोजन समिति गठनगर्ने निर्णय गरेको छ। त्यस्तै बैठकले महाधिवेशनका लागि चयन हुने प्रतिनिधिको मापदण्ड हेरफेर गरेको छ। प्रवासी नेपाली मञ्च भारत र प्रवासी नेपाली अन्तराष्ट्रिय मञ्चबाट दुई/दुई महिला थप गरेर पाँच/पाँच प्रतिनिधि आउने व्यवस्था गरेको उपमहासचिव ज्ञवालीले जानकारी दिनुभएको छ। त्यसैगरी उपत्यका विशेष कमिटीबाट एक जना युवा प्रतिनिधित्व गराउने निर्णय गरिएको छ। बैठकले घरफर्क अभियानअन्तर्गत एमालेमा प्रवेश गरेका नेतालाई प्रतिनिधि बनाउने निर्णय गरेको छ। एमाले बर्तमान सुशीला कार्की नेतृत्वको सरकारले विघटन गरेको प्रतिनिधिसभाको पुनर्स्थापनाको मागसहित अदालतसमेत जाने भएको छ। अदालत जाने प्रक्रियाका बारेमा सो पार्टीको विघटित संसदीय दलको बैठकमा छलफल समेत भैसकेको छ। एमालेका नेता तथा विघटित प्रतिनिधिसभाका प्रमुख सचेतक महेश बर्तौलाले संसद पुनर्स्थापनाका लागि पार्टीको औपचारिक निर्णयनै रहेकाले संवैधानिक परीक्षणगर्नबाट एमाले पछि नहट्नेसमेत दाबि गर्नुभएको छ। पुनर्स्थापनाको पक्षमा कांग्रेसले निर्णय गरेमा दुवै दलका सांसदको हस्ताक्षरसहित सबै सांसद अदालत उपस्थित हुने, सभामुखमार्फत पठाउने वा प्रमुख सचेतकमार्फत जानेभन्ने बिकल्पमा छलफल भइरहेको बताइएको छ। एमालेले पुनर्स्थापनाको पक्षमा निर्णय गरेपछि नेपाली कांग्रेसले पनि सांसदहरुको हस्ताक्षर संकलन गरेको कास्भनिएको थियो। तर कांग्रेसभित्र संसद पुनर्स्थापनाकाबारेमा बिवाद रहेको छ। नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले विघटनविरुद्ध अदालत जानेकि नजानेभन्ने निर्णयका लागि पार्टीले हस्ताक्षर संकलन गरेको स्विकार गर्नुभएको छ। नेकांको हिजोको बैठकमा त्यसबारे छलफल भएको बताइएको छ।

## असफल.....

उल्लेख छ। तर बेपत्ता पारिएकाहरुको अझै टुंगो लाग्न सकेको छैन। विस्तृत शान्ति सम्झौतामा दुवै पक्षबाट सशस्त्र द्वन्दकाक्रममा मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माणगर्न उच्चस्तरीय आयोग गठन गरिने उल्लेख छ। सोही विस्तृत शान्ति सम्झौता अनुसार नेपालको अन्तरिम संविधानमा संक्रमणकालीन न्यायको विषयलाई समावेश गराइएको थियो। नेपालको अन्तरिम संविधान ०६३ मा सशस्त्र द्वन्दकाक्रममा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडित व्यक्तिलाई राहत उपलब्ध गराउने प्रावधान राखेको छ। साथै संविधान जारी भएको छमहिनाभित्र द्वन्दकालमा मानव अधिकार उल्लंघनका गम्भीर घटना छानबिन, अध्ययनका निम्ति आयोग गठनगर्ने भनिएको थियो। तर उपरोक्त कुनैपनि कुराहरु पूरा गरिएन। सरकारमा रहेकाहरुले आलटालगर्दै १९ बर्षको समायावधी बिताउने काम गरेका थिए।


## महिला हिंसा अन्त्य गरौं।

❖ महिला हिंसा जहाँसुकै र जोसुकैबाट पनि हुनक्छ, सचेत होऔं,

❖ महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुनसक्छ,

❖ कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,

❖ हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,

❖ कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,

❖ घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,

❖ महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,

❖ हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,

❖ महिला हिंसा बिरुद्ध सून्य सहनशीलता अपनाऔं।
महिला हिंसा बिरुद्धको १६ दिने अभियान सफल पारौं।

२०८२ मंसिर ३ गते बुधबार२०८२ मंसिर ३ गते बुधबार
२०८२ मंसिर ३ गते बुधबार
२०८२ मंसिर ३ गते बुधबार२०८२ मंसिर ३ गते बुधबार

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# संवैधानिक र कानूनी राज्यमाथि बढेको चुनौती र समाधानका उपायहरु

**नेपालमा यतिबेला संवैधानिक र कानूनी राज्यमाथि चुनौती बढेको छभने प्रमुख दलहरुमा दुर्गतीको अवस्था देखिएको छ। नेपाललाई कानूनी राज्यबाट च्युत गराउन कतिपय शक्तिहरुनै सक्रिय भएको धेरैले अनुभवगर्दै आएका छन्। यस्तो अवस्थामा प्रमुख दलहरु एकजुट हुनुपर्नेमा त्यस्ता दलहरुभित्रै कलहको अवस्था सिर्जना गर्ने/गराउने प्रयास भैरहेको देखिएको छ। खासगरी नेपालको सबैभन्दा पुरानो, बिघटित संसदको पहिलो र संसदीय बहुदलीय राजनीतिको प्रमुख हिमायति मानिएको नेपाली कांग्रेसमा देखिएको कलहको अवस्थाले उपरोक्त कुराको पुष्टि गरेको छ। सो पार्टीका सभापति शेरबहादुर देउवाले संयमपूर्ण राजनीति गरेपनि सो पार्टीका महामन्त्रिद्बय आफ्नै पार्टीमा कलह बढाउन र पार्टीलाई बिभाजन गराउन लागिपरेको घटनाले जनस्तरमा समेत चिन्ता बढाएको छ। यतिबेला तुलनात्मकरुपमा एमाले देशको संविधान र कानूनी राज्यको पक्षमा खम्बा बनेर प्रस्तुत भएको देखिएको छ। सो पार्टीले उठाएका बिघटित संसदको पुनर्स्थापना र गत भदौ २३ र २४ गते भएको बिध्वंशको छानविनगर्ने मागनै यतिबेला नेपालमा प्रमुख दुईवटा माग भएका छन्। जसले एमालेका अध्यक्ष केपी ओलीलाई राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा सर्वाधिक चर्चामा पुऱ्याएको देखिएको छभने एमाले नेपालको राष्ट्रिय राजनीतिको निर्णायक शक्ति बनेको छ। हुनपनि ०७२ को संविधानले संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्तगर्ने र त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा चालु अवस्थामा रहेको संसदनै बिघटन गर्न/गराउन पाउने अधिकार दिएको छैन। त्यसैगरी ०७८ मा भएको सर्बोच्च अदालतको एक फैसलाले संसदबाट नयाँ सरकार गठनगर्ने संभावना रहेसम्म संसद बिघटनगर्न नपाइने नजिर कायम गरेको छ। गत भदौ २७ गते संसदको बर्षे अधिवेशन जारीरहेकै अवस्थामा सो बैठकको बिधिवत अन्त्यसमेत नगरी अकस्मात मध्यराति संसदनै बिघटन गरिँदा बिभिन्न प्रश्नहरु उठेका छन्। जसले राणाकालीन हुकुमी शासनको झल्को दिएको छ।**

**त्यसैगरी संविधानको ब्याख्यागर्ने अधिकार सर्बोच्च अदालतमा निहित रहेको छ। त्यसरी संसद बिघटनहुँदा कम सेकम सर्बोच्च अदालतसँग परामर्श गरिएको हुनुपर्थ्यो। तर राष्ट्रपतिबाट आफै संविधानको ब्याख्या गरेर कदम चालिँदा सम्मानित अदालतकोसमेत अपहेलना हुनपुगेको थियो। संसारकै संसदीय राजनीतिक ब्यवस्थाको परंपरा छकि कुनैपनि प्रधानमन्त्रिले कुनै कुरा राष्ट्रपति समक्ष सिफरिसगर्दा मन्त्रिपरिषदको बैठकले निर्णय गरेको हुनुपर्छ। तर गत भदौ २७ गते संसद बिघटनका लागि सिफारिस गरिँदा त्यो बिधिको समेत उल्लंघन गरिएको थियो। त्यसैगरी ०४६ पछि नेपालमा दलीय संसदीय ब्यवस्था रहेकाले संसद नरहेको अवस्थामा पनि देशको राजनीति प्रमुख दलहरुको सहमतिअनुसार चलेको हुनुपर्छ। जसका लागि कुनैपनि निर्वाचन गराउन बिघटित संसदका कम सेकम राष्ट्रिय मान्यता प्राप्त दलहरुको सर्बदलीय सरकार गठन गरिएको हुनुपर्ने थियो। तर बर्तमान सरकारमा नेपाली कांग्रेस र एमालेकामात्र नभएर बर्तमान सरकारलाई शुरुदेखिनै समर्थनगर्दै आएका पूर्ब माओवादी केन्द्र, रास्वपा र राप्रपालगायतका दलहरुकोसमेत हालसम्म प्रतिनिधित्व गराइएको छैन। गत भदौ २७ गते अघि पनि नेपालको सत्ता र शक्तिमा नेपाली कांग्रेस र एमाले रहेका थिएभने आगामी फागुन २१ गते निर्वाचन भएको खण्डमा पनि उनीहरुनै सो ठाउँमा आउने निश्चित छ। त्यस्तो अवस्थामा फेरी बर्तमान सरकारले गरेका कतिपय निर्णयहरु उल्टिनसक्ने र बर्तमान सरकारमा रहेकाहरुमाथि कारवाही हुनसक्ने संभावना रहन्छ। तर बर्तमान सरकारमा रहेकाहरुले निर्वाचित सरकारकोजस्तो महत्वपूर्ण र दीर्घकालीन असरगर्ने निर्णय गर्नेगरेको देखिएको छ। जुन आफैमा शोचनीय बिषय हो। सत्ता र शक्तिमा रहेकाहरुलेनै संविधान बाहिर गएर कामगर्न थालेपछि देशलाई कानूनी राज्यको मान्यताअनुसार अगाडि बढाउन र शान्ति सुब्यवस्था कायम गराउन कठीन हुन्छ। हाल त्यही भैरहेको छ। त्यसैले बिलम्ब नगरी संसदको पुनर्स्थापना गराएर बिधि र पद्धतिअनुसार नयाँ निर्वाचनमा जाने प्रबन्ध गरिनु पर्दछ। जसको अर्को कुनै बिकल्प छैन।**

# नेपालमा छरिएका कम्युनिष्ट पार्टी र यसका प्रमुख कारणहरु

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा यतिबेला २० वटाभन्दा बढी कम्युनिष्ट पार्टीहरु रहेका छन्। तर प्रायः सबैमा बिभिन्न समस्याहरु देखिएका छन्। जसको कारण र निदानकाबारेमा कुनै अन्वेषण हुन सकिरहेको छैन। यो आलेखमा तिनै कुराहरुलाई केलाउने प्रयास गरिएको छ। संसारमा कम्युनिष्ट पार्टीलाई शोषित पीडित जनताको नेतृत्वगर्ने केन्द्रिय शक्तिकारुपमा लिने गरिन्छ। जसलाई निर्देशनगर्ने सैद्धान्तिक आधार भनेको मार्क्सवाद र लेनिनवाद तथा नेपालका सन्दर्भमा माओ बिचारधारा हो। माओत्सेतुङले सन् १९४८ मै संसारका क्रान्तिकारी शक्तिहरु एकजुट होउ र साम्राज्यवादी आक्रमणका बिरुद्ध जुझ भन्नुभएको थियो। जुन भनाई आज ७७ बर्षपछि नेपालका लागि ओखतीजस्तो भएको छ। त्यतिबेलै उहाँले क्रान्ति हुनुछभने क्रान्तिकारी पार्टी हुनैपर्छ।

क्रान्तिकारी पार्टी बिना, मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी पद्धतिअनुसार बनेको पार्टी बिना, साम्राज्यवाद तथा त्यसका दलालहरुलाई पराजितगर्न मजदूर बर्ग र बिशाल जन समूदायलाई नेतृत्वगर्नु असंभव छ भन्नुभएको थियो। कम्युनिष्ट पार्टीका बर्गसंघर्षसम्बन्धी आफ्नै प्रस्तावनाहरु रहेका छन्। समाजवाद र साम्यवादको भेद छुट्याउने नीतिहरुको पनि तयगरिएको छ। जनताका अन्तर्बिरोधहरुको कसरी सञ्चालनगर्ने भन्ने कुराहरुका पनि बिश्वब्यापि मान्यताहरु रहेका छन्। पार्टीका समितिहरुको सञ्चालनका पनि निश्चित कलाहरुको विकास गरिएको छ। नेतृत्वकाबारेमा पनि बिभिन्न ब्याख्या र बिश्लेषणहरु भएका छन्। जनताको सेवागर्ने तरिका र देशभक्ति तथा अन्तराष्ट्रियवादका मापदण्डहरुको समेत विकास गरिएको छ। बिचारगर्ने र कामगर्ने काइदाकाबारेमा पनि बिभिन्न मान्यताहरु स्थापित गरिएका छन्। मार्क्सवादी शिक्षामा स्वाबलम्बन र गाहारो संघर्ष, गलत बिचारहरुलाई यथासमयमा सच्याउने सूत्रहरु, पार्टीमा कायम हुनुपर्ने एकता र अनुशासन, आलोचना र स्वआलोचनाको पद्धति, कार्यकर्ता, युवक, महिला र अध्ययनगर्ने कलाकाबारेमा पनि बिभिन्न कोणबाट ब्याख्या र बिश्लेषण भएर कतिपय मान्यताहरु स्थापित भैसकेका छन्। तर खासगरी ०४६ को परिवर्तनपछि नेपालका कम्युनिष्टहरुमा उपरोक्त कुराहरु हराउँदै गएर हालको अवस्था सिर्जना भएको देखिएको छ। त्यसैले नेपालका कम्युनिष्ट पार्टीहरुले कम्युनिष्ट राजनीतिका बिश्वब्यापि मूल्य, मान्यता र आदर्शहरुलाई फेरी आफ्नो पार्टीमा स्थापित गराउने र आफूलाई परिमार्जितगर्ने प्रयासगर्नु जरुरी भएको छ। कतिपय कम्युनिष्ट पार्टीहरुले आफूलाई संसदीय राजनीतितर्फ अगाडि बढाउने प्रयासगर्दा आजको अवस्था आएको स्पष्ट छ। बिश्वकै मान्यता होकि कम्युनिष्टहरु बिचारवान हुनैपर्दछ। स्वाभिमानलाई सधैं कायम राख्नु पर्दछ र अरुलाई पनि स्वाभिमानी बन्नका लागि प्रोत्साहन गर्नुपर्दछ। पैसा, पद र ऐसआरामजस्ता कुराहरुलाई सन्तुलनगर्न सक्नुपर्दछ। आफ्नो सिद्धान्त र परिवर्तनको लक्ष्यप्रति निष्ठावान हुनैपर्दछ। प्रतिक्रियावादीहरुका सामु नलत्रने, क्रान्तिको हितलाई सर्बोपरी मान्ने, कम्युनिष्ट नैतिकता र आचरणको पालनागर्ने कुराको सधैं ख्याल गरेको हुनुपर्दछ। खासगरेर ०४६ को परिवर्तनपछि नेपालका मक्युनिष्टहरुमा पनि मौकाको फाइदा उठाउने र व्यक्तिगत लाभ हाशिलगर्न जे पनि गर्ने प्रबृत्ति बढेर गएको देखिएको छ। बिश्व कम्युनिष्ट आन्दोलनमा लामो समयसम्म, निरन्तररुपले आफ्नो सम्पूर्ण जीवन जनमुक्ति, मुलुकको स्वाधीनता र साम्यवादको उदात्त आदर्शको पक्षमा बिताएका आदर्श ब्यक्तित्वहरु पनि रहेका छन्। उनीहरुको त्याग, निस्वार्थ काम र संघर्षले आजको पुस्ताका लागि खुल्ला किताबजस्तो छ। आम जनतामा कम्युनिष्टको नाम प्रिय बन्नु र मुलुकमा कम्युनिष्टप्रति आमआकर्षण रहनुको कारण पनि उपरोक्त ब्यक्ति/ब्यक्तित्वले कुनै समयमा निर्वाह गरेको भूमिका नै हो। इतिहास साक्षि छ त्यस्ता त्यागी, विनम्र, लगनशील तथा संघर्षशील नेताहरु पछिल्लो समयमा पाउन कठीन बन्दैगएको छ। नेता नेताजस्ता भएनन्, कार्यकर्ता कार्यकर्ताजस्ता भएनन्। कम्युनिष्टकाबारेमा समाजमा स्थापित मान्यता हराउँदै गएको देखिएको छ। कुनैबेला कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ता भनेपछि आफ्नो घरको साँचो दिनपनि नहिचकिचाउनेहरु ०५२-०६२ मा भए/गरेका गतिबिधिले नराम्ररी तर्सिएका छन्। हिजो कम्युनिष्टहरु देशभक्त मनिन्थे, हाल विदेशभक्त मानिन थालेका छन्। नेपालमै कतिपय कम्युनिष्ट नेताहरुका कारण अमेरिकी नीतिअनुसारको संघीयता, जातीयता र एमसीसीजस्ता परियोजनाहरु भित्रिएका छन्। त्यसैले खासगरी नेपालका सन्दर्भमा कम्युनिष्ट पार्टी र राजनीतिकाबारेमा पुनर मूल्यांकन जरुरी देखिएको छ। यतिबेला कतिपय ब्यक्तिहरु आफ्नो प्रतिष्ठा, आर्थिक लाभ र व्यक्तिगत वा पारिवारिक फाइदाका लागि कम्युनिष्टको आवरणमा क्रियाशील रहेको देखिएको छ। उनीहरुको क्रियाशीलता श्रमजीवी जनता, क्रान्ति र मुलुकको हितमा नभई संकीर्ण र निहीत स्वार्थबाट प्रेरित हुनथालेको छ। पछिल्ला दिनमा त्यस्तो प्रबृत्ति बढेको छभने त्यस्ता ब्यक्तिको संख्यामा पनि बृद्धि हुँदैगएको पाइएको छ। निहित स्वार्थ पूर्तिका लागि भ्रष्ट उपायहरुको प्रयोगगर्ने पूँजीवादी प्रवृत्तिले नेपालका कतिपय कम्युनिष्ट नेताहरुनै प्रभावित भएको देखिएको छ।

कम्युनिष्ट पार्टी र राजनीतिको आवरणमा कतिपयले आफूलाई राजनीतिक अधोपतनको बाटोमा अगाडि बढाएको देखिएको छ। जो अदृश्य ढंगले नव धनाढ्य बनेका कतिपय दृष्टान्तहरु पनि हाम्रा सामु रहेका छन्। हाल खासगरी नेपालमा सिद्धान्तनिष्ठ, इमान्दार, निश्वार्थी तथा समर्पित नेताहरुको ठूला खडेरी पर्दैगएको देखिएको छ। जनपक्षीय राजनीतिलाई व्यक्तिगत स्वार्थ पूर्तिको साधन बनाउन प्रयासगर्नेहरु पनि यत्रतत्र भेटिन थालेका छन्। राम्रा, इमान्दार र समर्पित नेता तथा कार्यकर्ताहरुको उत्पादन नगरेसम्म फेरी जनपक्षीय राजनीति सही ढंगले अगाडि बढ्न नसक्ने अवस्था सिर्जना भएको छ। कतिपयले त यतिबेला कम्युनिष्ट आन्दोलनमाथि नै ठूलो आपत्ति आइपरेको टिकाटिप्पणीगर्न थालेका छन्। ०४६ को परिवर्तन अघि राम्रा र निष्ठावान नेता तथा कार्यकर्तालाई पार्टीमा भित्र्याउन प्रयास गरिन्थ्योभने ०६२ पछि जालझेल र षड्यन्त्रद्वारा पन्छाउन प्रयास गरिन थालेको छ। नेपालमा बहुदलीय संसदीय ब्यवस्थाले बिश्वभरका बिभिन्न राजनीतिक बिकृति र बिसंगतिहरुलाई भित्र्याउने काम गरेको हो। जुन कुरा ०४६ को राजनीतिक परिवर्तनदेखि हालसम्मका गतिबिधिहरुले स्पष्ट पनि गरेका छन्। ०४६ को आन्दोलनमा नेपालको कम्युनिष्ट शक्ति पनि दक्षिणपन्थीहरुसँग मिलेर आन्दोलनमा होमिएको थियो। ०४६ को परिवर्तनपछि ०४७ को संविधान बनाउने कार्यमा पनि सहभागिता रह्यो। त्यसपछि शासन सत्तामा जाने कामहरु पनि भए। जसले संगतगुनाको फल भनेजस्तैगरी कम्युनिष्टहरुलाई पनि भ्रष्ट बनाउने कामहरु भए। मुखले कम्युनिष्ट पार्टीका भएभरका राम्रा कुराहरु अगाडि सारेर नराम्रा कामगर्ने परिपाटीको विकास भएको देखिएको छ। ०५२ बाट देशमा सशस्त्र युद्ध गरेको र त्यसको नेतृत्व गरेको दाबि गर्ने कतिपय हाल कम्युनिष्ट पार्टी र राजनीतिबाटै पलायन भएका छन्भने कतिपयले कम्युनिष्ट पार्टीको नाम लिने गरेपनि उनीहरु दषिणपन्थी राजनीतिको दलदलमा फस्दैगएको देखिएको छ। बिद्यमान राजनीतिक व्यवस्था अन्तर्गत दुराचारी चलिरहेको छ। पछिल्ला दिनमा नेपाली समाजमा त्यस्ताहरुकै आदर/सम्मान गर्ने परिपाटी बढेर गएको छ। कम्युनिष्ट आन्दोलनभित्र पनि त्यसैको प्रतिबिम्ब र प्रभाव बढेर गएको देखिएको छ। नेपालमा हालको अवस्थामा कम्युनिष्ट पार्टी र गैह्र कम्युनिष्ट पार्टी तथा कम्युनिष्ट नेताहरु र दक्षिणपन्थी नेताहरुका बीचमा भेद छुट्याउन पनि कठीन बन्दैगएको छ। कतिपय **बाँकी ७ पेजमा**

# दिल्लीमा भएको १२ बुँदे सहमति र दुर्गा प्रशाइँको आन्दोलन

काठमाडौं। दिल्लीमा ०६२ मंसिर सातगते तत्कालीन माओवादी र सात दलका बीचमा भएको १२ बुँदे सहमतिको हालसम्म बिरोध जारी छ। खासगरी देशभक्त शक्तिहरुले त्यसलाई नेपालमा विदेशी हस्तक्षेपको एक कडीकारुपमा लिने गरेका छन्। आज मंसिर सातगते सोही दिन पारेर राष्ट्र, राष्ट्रियता तथा धर्म-संस्कृति र नागरिक बचाउ महाअभियानले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताका बिरुद्ध देशब्यापि आन्दोलनगर्ने घोषणा गरेको थियो। अभियानले आफ्नो अभियानका संयोजक दुर्गा प्रशाइँलाई प्रहरीले गत साता सोमबार मध्यराति उहाँकै निवास भक्तपुरबाट पक्राउ गरेपछि देशब्यापि आन्दोलन थालेको भनिएको थियो। तर आनदोलन खासै अघि बढ्न सकेको देखिएको छैन। नागरिक बचाउ दलका महामन्त्री प्रेमकुमार थाम्सुहाङले तत्काल देशव्यापी आन्दोलनमा उत्रिने निर्णय गरिएको बताउनुभएको थियो। पक्राउ परेका दुर्गा प्रशाइँविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान हुने भनिए पनि कारवाही अगाडि बढेको छैन।

बरु उहाँका समर्थक र शुभचिन्तकहरुलाई पक्राउगर्नेक्रम जारी राखिएको देखिएको छ। प्रशाइँले आजमंसिरदेखि देशै ठप्पपारेर राजसंस्था र हिन्दुराष्ट्र पुनःस्थापनागर्ने आन्दोलन थाल्ने बताउँदै आउनुभएको थियो। पछिल्लो समय उहाँले दूतावासहरुको नामनै तोकेर बिभिन्न कारवाही हुनसक्छ र दोष आफूलाई थुपारिदिन सक्छन्भन्दै दिएको अभिव्यक्तिलाई सुरक्षा संयन्त्रले नोटिसमा लिएको भनिएको थियो। गतसाता आइतबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमासमेत उहाँलाई कारवाहीको दायरामा ल्याउनुपर्ने प्रशंग उठेको समाचार बाहिर आएको थियो। त्यसपछि बैठकले हिंसा भड्काउने, जनता आतंकित पार्ने गतिविधि गर्नेलाई निस्तेजगर्न कड्याइकासाथ कानूनी कारवाही अघिबढाउने निर्णय गरेको थियो। यसपछि पक्राउ परेका प्रशाइँलाई अनुसन्धान अधिकृतहरुले उहाँका अभिव्यक्तिको विषयमा सोधपुछ थालेका थिए। उहाँले दिएका उग्र अभिव्यक्तिको आधार के होभन्ने विषयमा पनि अनुसन्धान जारीरहेको बताइएको छ। प्रशाइँलाई प्रहरीले यसअघि गत चैत १५ मा भएको राजवादी आन्दोलनमा हिंसा भड्काएको आरोपमासमेत भारतको असमबाट पक्राउ गरेर ल्याएको थियो। राजसंस्था फर्काउनेभन्दै उहाँले आह्वान गरेको आन्दोलनमा दुईजनाले ज्यान समेत गुमाएका थिए भने थुप्रै घाइते भएका थिए। दुर्गा प्रशाइँ नेतृत्वको समूहले नेपालमा पछिल्लो समयमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान थालेको थियो। जसले राजनीतिक, सामाजिक, धार्मिक र आर्थिक धेरै तहका मुद्दाहरु उठाएको छ। प्रशाइँको आन्दोलनमा पारम्परिक, धार्मिक र राष्ट्रवादी मूल्यहरु धेरै प्रबल रहेका छन्। उहाँ पुनःराजतन्त्रको स्थापनाको अभियानमा रहेको भनिएपनि पछिल्लो समयमा उहाँले आफूलाई राजावादी नभएर देशभक्त भएको बताउने गर्नुभएको थियो। दुर्गा प्रशाइँ र उहाँको समूहले सरकारलाई २७ बुँदे मागपत्र बुझाएको पाइएको छ। जसमा नेपाललाई फेरि हिन्दू राज्य बनाउने प्रमुख रहेको छ। वर्तमान संघीय संरचनालाई खारेज गरेर पुरानो केन्द्रित राज्य संरचनातर्फ फर्किनु पर्ने माग पनि रहेको छ। देशको पुनर्संरचना गर्नुपर्ने तर्क पनि रहेको छ। जसमा व्यवस्थागत रुपान्तरण र पुरानो संरचनात्मक मोडेललाई पुनर्जीवितगर्ने योजना रहेको पाइन्छ। त्यसैगरी सो समूहको अर्को मुख्य माग गरिबहरुका लागि ऋृण माफी रहेको छ। जसमा दुईलाख रुपैयाँभन्दा कम ऋृण भएका गरीबहरुको ऋृण माफगर्ने माग गरिएको छ। त्यसैगरी ठूला ऋृणका लागि पुनर्संरचनाः केही रिपोर्टहरुमा भनिएको छकि ठूलो ऋृणमा ५% ब्याज लागूगर्दै २५ बर्षको अवधि कायमगर्ने प्रस्ताव छ रहेको छ।

त्यसैगरी ज्येष्ठ नागरिकलाई मासिक १० हजार भत्ता दिनुपर्ने प्रस्ताव पनि गरिएको छ। त्यसैगरी भूमिहीनहरुलाई जग्गा उपलब्ध गराउने, भ्रष्टाचारीको सम्पत्ति राष्ट्रीयकरणगर्ने वा आर्थिक रुपमा ठूलो सम्पत्ति भएका व्यक्तिहरुको सम्पत्ति पुनर्वितरणगर्ने, कर प्रणाली सरल बनाउने, शिक्षा नीति परिवर्तनगर्ने लगायत रहेका छन्। उनीहरुले उच्च शिक्षा विदेशमा जानुको सट्टा नेपालमै राम्रो उच्च शिक्षा व्यवस्था होस्। संस्कृत र नैतिक शिक्षा अनिवार्य भन्ने लगायतका माग पनि अगाडि सारेका छन्। त्यसैगरी संविधानको पुनरावलोकन, संघीयता, धर्मनिरपेक्षता र गणतन्त्रको खारेजी, राष्ट्रिय पहिचान बलियो बनाइनुपर्ने र परम्परागत नेपाली मूल्यलाई पुनर्जीवित गरिनुपर्ने लगायत पनि रहेका छन्। कतिपयले दुर्गा प्रशाइँका केही मागहरु ०७२ को संविधान विपरीत रहेको पनि बताउने गरेका छन्। आर्थिक पुनर्संरचनागर्ने प्रस्तावले प्रशासनिक र बजेटरी श्रोतहरुको ठूलो दबाबपार्ने सम्भावना छ। कतिपयले प्रशाइँको आन्दोलनलाई धार्मिक-राजतन्त्र समर्थक एजेण्डामात्र नभई, राजनीतिक शक्ति प्राप्तगर्ने माध्यम भएको पनि बताउने गरेको पाइएको छ। केही मानवअधिकारवादी समूहले सरकारद्वारा गरिएको दबाब र गिरफ्तारीको आलोचना गरेका छन्। गत चैत १५ को को प्रदर्शन हिंसात्मक भएका कारणले पनि प्रशाइँको आनदोलन प्रति सरकार सशंकित भएको ठानिएको छ। प्रशाइँका सांस्कृतिक र धार्मिक मागहरुलाई आधुनिक लोकतान्त्रिक मूल्य (जस्तै मानव अधिकार, धार्मिक स्वतन्त्रता, गणतन्त्र) सँग मेल नखानेभनी केही बौद्धिकहरुले आलोचना गरेको पाइएको छ। प्रशाइँको पछिल्लो आन्दोलनले नेपालको वर्तमान लोकतान्त्रिक संरचनामा प्रश्न उठाउने काम गरेको छ। दुर्गा प्रशाइँको आन्दोलन नेपालका लागि एक जटिल र संवेदनशील राजनीतिक चुनौती भएको कतिपयको बुझाई रहेको छ कस जसले राष्ट्रवाद, धार्मिकता र पुरानो संरचनालाई पुनर्स्थापितगर्ने अजेण्डा अघिबढाएको छ। जुन आधुनिक लोकतान्त्रिक मूल्य र मान्यतासँग मेल नखाने चर्चा पनि गरिन्छ। तर प्रशाइँले अगाडि सारेका मागहरु अत्यन्त देशप्रेमी रहेको कुरामा द्विमतगर्ने ठाउँ छैन। जसप्रति आम राजनीतिक क्षेत्रले गंभिरताका साथ ध्यान दिनु उपयुक्त हुने देखिएको छ।

# असफल विस्तृत शान्ति सम्झौता र सेना परिचालनको प्रतीक्षा

**यो साताको बिशेष**



काठमाडौं। १९ बर्षमा पनि नेपालमा विस्तृत शान्ति सम्झौता टुंगोमा पुगेको छैनभने राजनीतिक अस्थिरता र राष्ट्र बिरोधी अपराध बढेपछि अब सेना परिचालनको तयारी थालिएको छ। नेपाल सरकार र तत्कालीन नेकपा माओवादीले ०६३ मंसिर पाँच गते १० बर्षभन्दा लामो गृहयुद्धको अन्त्यगर्दै संयुक्त राष्ट्रसंघका प्रतिनिधिसमेतको रोहबरमा शान्ति संझौता गरेका थिए। जसलाई बिस्तृत शान्ति सम्झौता भनिएको थियो। उक्त सम्झौतापत्रमा तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला र माओवादीका अध्यक्ष पुष्प कमल दाहालले हस्ताक्षर गर्नुभएको थियो। सो सम्झौताले नेकपा (माओवादी) लाई शान्तिपूर्ण राजनीतिमा आउन र सरकारमा सहभागि हुन बाटो खुलेको थियो। तर द्वन्दमा प्रत्यक्ष प्रभावित भएका तत्कालीन पीडितले हालसम्म न्याय पाउन सकेका छैनन्। देशमा माओवादी जनयुद्धकै नयाँ संस्करणका रुपमा जेनजी बिद्रोह शुरु भएको छ। सो बिद्रोहका क्रममा देशमा बिध्वंश मच्चाइएको छ र सोक्रम जारी छ। ०५२ फागुन एकदेखि चलेको १० वर्षे सशस्त्र द्वन्दलाई शान्ति यात्रामा ल्याउन धेरै प्रयासहरु भएका थिए। त्यसैका लागि ०६२ मंसिर सातगते नेपालका तत्कालीन सात दल र नेकपा (माओवादी) बीच भारतको नयाँ दिल्लीमा १२ बुँदे सहमति समेत भएको थियो। सो सहमतिपछि नेपालमा अमेरिका लगायतका पश्चिमा राष्ट्र र छिमेकी भारतको चलखेल तीब्र भएको छ। शान्ति सम्झौतापछि देशमा राजनीतिक परिवर्तन भएको भनिएको थियो। हतियार व्यवस्थापन तथा तत्कालीन माओवादीका लडाकु व्यवस्थापनजस्ता महत्वपूर्ण काम पूराभएको भनिएको थियो तर यति लामो प्रतीक्षापछि पनि द्वन्दपीडितले न्याय र पीडकले सजाय पाएका छैनन्। द्वन्दपीडितको त्यति ठूलो माग पनि छैन। बेपत्ता व्यक्तिको सत्यतथ्य सार्वजनिक गरियोस्। घाइतेलाई उपचारको व्यवस्था होस्। त्यसपछि जीविकाका लागि रोजगार र पढ्नेका लागि शिक्षा भए पुग्छ। द्वन्द पीडित साझा चौतारी नेपालका संस्थापक अध्यक्ष सुमन अधिकारीलाई पीडितलाई अब न्याय दिन ढिलाइगर्न हुँदैनभन्ने लागेको छ। ऐन संशोधन भएर अघिबढेको हुनाले पीडित केही आशावादी भएको महशुस उहाँलाई भएको छ। उहाँले १० बर्ष लागेर भएपनि ऐन संशोधन भयो, केही कमीकमजोरी पनि छ, धेरै कुरा राम्रा छन्, राम्रा कुरा अघिबढाएर कमीकमजोरी सच्याउँदै लैजाने हो। सिफारिस समितिले प्रक्रिया अघिबढाएको छ, छनोट प्रक्रियामा सक्षम र कामगर्न सक्ने मान्छे ल्याउनुपर्‍यो, नत्र सबै प्रयास खेर जान्छ, पीडितलाई धोका हुन्छ भन्नुभएको छ। सिफारिस भएका पदाधिकारीले पीडितलाई केन्द्रमा राखेर राष्ट्रको जिम्मेवारी हो भनेर काम गर्नुपर्ने जरुरी रहेको उहाँको भनाइ छ। द्वन्दपीडितसमेत रहनुभएका अधिकारीले समाधान दिनसक्ने र समाजले पत्याएका व्यक्तिहरु ल्याउन जरुरी छ। ती पदाधिकारीलाई सबै दल र सरकाले सहयोग गर्‍योभने शान्ति प्रक्रियाको काम पूरा हुन्छ र पीडितले न्याय पाउँछन् भन्नुभएको छ। सशस्त्र द्वन्दकाक्रममा राज्य र विद्रोहीका तर्फबाट करिब १७ हजारको ज्यान गएको थियो।

**विस्तृत शान्ति सम्झौता :** नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्दपछि भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं ५, २ र ३ मा दुबै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिकगरी परिवार जनलाई बुझाउने उल्लेख छ। विस्तृत शान्ति सम्झौतामा आफ्ना कब्जामा रहेका मानिसकाबारेमा जानकारी सार्वजनिकगरी १५ दिनभित्र सबैलाई मुक्तगर्न दुवै पक्ष मञ्जुर गर्दछन् भनिएको थियो। शान्ति सम्झौताअनुरुप नै दुवैपक्ष सशस्त्र द्वन्दबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरणगर्दै समाजमा शान्ति कायमगर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषणगरी दोषीलाई कारवाहीगर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गर्‍यो। सरकार र द्वन्दरत पक्षबीच सम्झौता भएको साढे आठ बर्षपछि यी दुई आयोग बनेका थिए। नेपालको संविधानअनुसार दुई बर्षभित्र सम्पूर्ण कामसक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चारबर्षसम्म पनि काम पूरागर्न सकेन। ती पदाधिकारीलाई बिदाइ गरेर ०७९ साउन एक गतेदेखि दुवै आयोग पदाधिकारीविहीन भएपछि ०८२ वैशाख ३० गते सरकारले चार बर्षका लागि नयाँ पदाधिकारी नियुक्ति गरेको छ।

**महत्वपूर्ण बुँदाहरु :** शशस्त्र लडाईंको औपचारिक अन्त्यको घोषणा,
माओवादी सेना र हतियारको र त्यसैगरी नेपाली सेनाको हतीयारको संयुक्त राष्ट्रसंघद्वारा प्रमाणीकरण र अनुगमन, माओवादीद्वारा कब्जा गरीएका सम्पूर्ण सम्पति फिर्ता, मानव अधिकर र अन्तराष्ट्रिय मानबधिकर सम्बन्धी कानूनहरुको पूर्णपालना, राजाको सम्पूर्ण राजनीतिक अधिकारको अन्त्य, उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन, माओवादी सेनाका लडाकुहरुको रेखदेख समायोजन र पुनर्स्थापना, युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको ससम्मान पुनर्स्थापना र हातहतियार, गोलीगठ्ठा र बिष्फोटक पदार्थ साथमा लिई आवत-जावतगर्नु गैरकानूनी हुने लगायत रहेका थिए। जसमा राजतन्त्रको अन्त्य, देशलाई संघीय र जातीय शासनमा लाने भनिएको थिएन। लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन-०७१ लाई संशोधनगर्न बनेको विधेयक (तेश्रो संशोधन)-०८१ राष्ट्रपतिबाट प्रमाणीकरण भएर काम अघि बढिसकेको छ। ऐनमा दुई आयोगका सिफारिस समिति गठन भएको बढीमा दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरिसक्नुपर्ने र पदाधिकारीको समय नियुक्ति भएको मितिले चार बर्षको हुने व्यवस्था गरिएको छ। ऐनले गरेको व्यवस्थाअनुसार सरकारले आयोगको कामलाई तीव्रता दिन जरुरी छ। तत्कालीन कानून न्याय तथा संसदीय मामिलामन्त्रीहरुले शान्ति प्रक्रियाको बाँकी रहेको काम छिटो निष्कर्षका पुर्‍याउनेगरी सरकारले काम गरिरहेको बताउने गरेका थिए। विस्तृत शान्ति सम्झौताको धेरै काम सकिए पनि सत्य अन्वेषणगरी पीडितलाई न्याय दिने काम पूरा हुनसकेको छैन। संक्रमणकालीन न्यायको काम अघि बढिसकेको छ, अब जतिसक्दो छिटो पीडितले न्याय पाउनेछन् पनि भन्ने गर्थे। तर विस्तृत शान्ति सम्झौता भएको १९ बर्ष पूराहुँदा पनि पीडितले न्यायको अनुभूतिगर्न पाएका छैनन्। संक्रमणकालीन न्यायको दुवै आयोगलाई सरकार र राजनीतिक दलले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्‍याउनका लागि ठोस कदम चाल्नुपर्ने जरुरी देखिन्छ।

**१५ हजार उजुरी अलपत्र :** सत्यनिरुपण तथा मेलमिलाप आयोगका सदस्य डा टीकाप्रसाद ढकालले आफूहरुले ०८२ जेठ पाँचगते पदबहाली गर्नेबित्तिकै छुटेका उजुरीका लागि आह्वान गर्दा १५ हजारभन्दा बढी उजुरी संकलन भएको बताउनुभएको छ। आयोगले गठन भएपछिको छ महिनाको अवधिका छुट उजुरी १५ हजारभन्दा संकलन गरेको छ। कोषको नियमावली तर्जुमागरी कोषको सञ्चालन गरेको छ। आयोगको नियमावली-०८२ को तर्जुमा गरेको छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण तयारगरेको छ। पुराना उजुरीहरुको ठेगाना तयगरेको छ। आयोगले आफ्नो चारवर्षे रणनीतिक योजनासमेत बनाएको छ। सदस्य ढकालले यौन हिंसामा परेका पीडितको न्यायका लाग परामर्श गरेर सैद्धान्तिक, नीगिगत र कानूनी आधारभूत पूराभएको छ। आयोगको नियमाली-०८२ र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण दुवै कानून मन्त्रालयबाट अहिले मन्त्रिपरिषद् जाने तयारीमा रहेको बताउने गर्नुभएको छ। त्यसैगरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका प्रवक्ता सिर्जना पोखरेलले सत्य अन्वेषण र परिपूरणका कामलाई विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउनुभयो। प्रवक्ता पोखरेलले नयाँ पदाधिकारी आएदेखि सत्य अन्वेषण र परिपूरणको कामलाई प्राथमिकता दिएर गरिरहेका छौं, कोष सञ्चालनसम्बन्धी नियमावली पास भएर कामगर्न शुरुभएको छ। राज्य र गैरराज्य पक्षबाट भएका पीडितको राहत परिपूरण कोषको व्यवस्था भएको बताउनु भएको छ। आयोगले सत्य अन्वेषणको कार्यदिशा तयार गरिरहेका र उजुरीमाथि अनुसन्धान गरिरहेका जनाएको छ। आयोगमा तीनहजार २४३ उजुरीमध्ये २३७ उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको छ। त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको छ। साथै २८९ उजुरीमा सशस्त्र द्वन्दका क्रममा व्यक्ति बेपत्ता पारेको भन्ने कुनै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखेको छ। आयोगले दुईहजार ४९६ उजुरीमा विस्तृत छानबिन गरिरहेको छ। उजुरीका आधारमा दुई हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्यांकमा उल्लेख छ। लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन-०७१ लाई संशोधनगर्न बनेको विधेयक (तेश्रो संशोधन)-०८१ भएपछि दुवै आयोगमा चार बर्षका लागि नयाँ पदाधिकारी आएर काम शुरुगरेको करिब छ महिना भएको छ।




**पीडितको असन्तुष्टि :** राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले विस्तृत शान्ति सम्झौताको कार्यान्वयन सम्बन्धमा अनुगमनगरी समयसमयमा प्रतिवेदन प्रकाशनगर्दै आएको र आयोगमा दर्ता भएका द्वन्दकालीन उजुरीहरु उपर आयोगले अनुसन्धान, निर्णय र सिफारिसहरु गरिरहेको बताउनुभयो। आयोगका प्रवक्ता डा पोखरेलले आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानवअधिकार उल्लंघनमा संलग्न दोषीउपर कारवाही र पीडितलाई परिपूरणका कार्यहरु पूरा नहुँदा द्वन्दपीडित तथा पीडित परिवारले न्याय प्राप्तिको अनुभूतिगर्न नसकेको अवस्था छ। द्वन्दकालीन उजुरीउपरका सिफारिसहरु कार्यान्वयनगर्न र संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्‍याउँदा पीडितको सन्तुष्टिमा ध्यान केन्द्रितगर्न आयोगले भनिरहेको बताउनु भएको छ। आयोगले पीडितले आफ्ना उजुरीको गोपनीयतामा शंकागरेको, न्याय प्राप्तिमा ढिलाइहुँदा थपपीडा महशुस भएको, आयोगहरुको गठन प्रक्रियामा आफूहरुसँग पर्याप्त छलफल नभएको, कतिपयले निःशुल्क उपचार नपाएको, द्वन्दपीडितको विषयमा सरकार र दल गम्भीर नभएको, जेनजी आन्दोलनपश्चात् आफ्ना अधिकारका सवाल छायाँमा पर्ने सम्भावना रहेको जनाएको छ। प्रवक्ता डा पोखरेललेसंक्रमणकालीन न्यायसम्बन्धी आयोगहरु घरदैलोमा पुग्न नसकेको, अझैपनि कतिपय पीडितका उजुरीहरु दर्ता छुटेको, द्वन्दपीडितका विषयलाई आफ्नो स्वार्थ पूरागर्ने विषय बनाइको, यौनजन्य हिंसाको सवालमा गोपनीयताको आशंका देखिएका कारण कतिपयले उजुरी दर्ता नगराएको देखिन्छ। पीडितहरुमा निरासा बढ्दै गएको, अधिकांश पीडितले अझै पनि परिचयपत्र नपाएको, कतिपय ठाउँमा अझै पनि वास्तविक पीडित पहिचान हुन नसकेको, बेपत्ता भएकाहरुको मृत्युसंस्कार र सम्पत्तिको हस्तान्तरण लगायतमा समस्या भएको हो भन्नुभएको छ। आयोगले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका विषयमा पनि मतैक्यता हुननसकेको तथा राहत, परिपूरणको प्राप्ति र मेलमिलापको वातावरण समेत बनाउन नसकिएकोजस्ता गुनासाहरु पीडितहरुले आयोगको अनुगमन टोलीसमक्ष राखेका जनाएको छ। विस्तृत शान्ति सम्झौता भएको १९ बर्ष पूराहुँदा पनि पीडितले न्यायको अनुभूति गर्न पाएका छैनन्। सरकारले बनाएको सिफारिस समितिले समयमा पदाधिकारी सिफारिस गरेर काम अघिबढाउन जरुरी छ। संक्रमणकालीन न्यायको दुवै आयोगलाई सरकार र राजनीतिक दलले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्‍याउनका लागि ठोस कदम चाल्नुपर्ने जरुरी देखिन्छ।

**सैनिक शासनको प्रतीक्षा :** १९ बर्ष अघि शान्ति संझौतामा हस्ताक्षर गर्नेहरुले नै अशान्ति मच्चाउने गतिबिधि गरेपछि हाल देशमा सेना परिचालन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। जसका लागि सुरक्षा परिषदले सिफासिर पनि गरिसकेको छ। तत्कालीन विद्रोही नेकपा माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौता भएको गत शुक्रबार १९ बर्ष पूरा भएको छ। विस्तृत शान्ति सम्झौता भएपछि सशस्त्र विद्रोह गरिरहेको माओवादी संसदीय राजनीतिमा आयो। पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईहरुले माओवाद र माओवादी पार्टी समेत छाडिसकेका छन्। संविधान सभाबाट संविधान जारी भएको भनिएपनि फेरी जन संविधान र ०४७ को संविधानको माग हुन थालेको छ। मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएपछि थप भाँडभैलो मच्चिएको छ। मुलुकले समानुपातिक समावेशी सिद्धान्त अपनाएपछि राजनीतिक अपराधीकरण बढेको छ। तर १९ बर्षअघि भएको विस्तृत शान्ति सम्झौताको एउटा पाटो संक्रमणकालीन न्यायको विषयभने अझै जहाँको त्यहीं रहेको छ। संक्रमणकालीन न्यायलाई छिटो टुंग्याउन आयोग बनेको एक दशकभन्दा बढी समय बित्दा पनि टुंगोमा पुग्न सकेको छैन। संक्रमणकालीन न्याय टुंग्याउन दुई आयोग बनेको यतिका बर्ष बित्दा पनि विस्तृत छानबिन हुन सकिरहेको छैन। पदाधिकारी नियुक्ति विवाद, कानून संशोधन र पीडितहरुलाई ध्यानमा राखेर आयोगको काम हुन नसक्दा संक्रमणकालीन न्याय टुंगोमा पुग्न नसकेको हो। विस्तृत शान्ति सम्झौतामा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरु तथा युद्धको समयमा मारिएकाहरुको वास्तविक नाम, थर र घर ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिकगरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मन्जुर गर्छन्भन्ने **बाँकी ८ पेजमा**

# अक्टोबर समाजवादी क्रान्ति र आजको बिश्व राजनीति

लोकनारायण सुवेदी



बिश्वमा राजनीतिक उथलपुथलहरु भैरहेका छन्। यसै सन्दर्भमा गत कार्तिक २१ (नोभेम्बर ७ ) गते महान् अक्टोबर समाजवादी क्रान्ति दिवस मनाइएको थियो। यस बर्षको यो महान अक्टोबर क्रान्तिको बार्षिकोत्सबको अबसर(नोभेम्बर ७)लाई पनि बिभिन्न किसिमले स्मरण गरिएको थियो। त्यो क्रान्ति रुसी क्रान्तिकारी मार्क्सवादी चिन्तक तथा सुझबुझपूर्ण किसिमले जनताको संघर्षको सफल नेतृत्वगर्ने नेता भ्लादिमिर इलिच लेनिनको नेतृत्वमा बिश्वलाईनै नयाँमोड दिने र अपूर्व प्रभाव पार्ने यो श्रमजीवी जनताको एक अपूर्ब बर्गीय क्रान्ति थियो र हो।
बिश्व मानव इतिहासमा त्यस पूर्वका सबै क्रान्तिहरुभन्दा गुणात्मकरुपले नै अत्यन्तै भिन्न र उन्नत स्तरको गम्भीर, गहन र गहिरो प्रभाव पार्ने क्रान्ति थियो त्यो। त्यतिमात्रै होइन, त्यो क्रान्ति समाजका सबैभन्दा शोषित, पीडित बर्ग र समुदायका दलित, मजदुर, किसान र समाजका अरु उत्पीडित समुदाय र क्षेत्रका जनताको त्यस्तो क्रान्ति थियो। जसले क्रान्तिपछिको मानव समाजमा मानिसले मानिसलाई शोषणगर्ने कुनै स्थिति नै नरहेको बिल्कुलै नयाँ समाजको निर्माण गरेको थियो। स्पष्टतः एउटा 'शोषण मुक्त मानव समाज' ! को सिर्जना गरेको थियो। त्यसैले यो क्रान्ति पूवबर्ती क्रान्तिहरुभन्दा उच्च, भिन्न र महान क्रान्ति भएको हो। रुस र बाँकी बिश्वलाई नै अपूर्व नयाँ सन्देश, उत्साह र ऊर्जा प्रदानगर्ने सन् १९१७ अक्टोबर २५ मा सम्पन्न यस क्रान्तिले 'समाजवादी सोभियत संघ'नामको एउटा नयाँ समाज ब्यबस्था स्थापना गरेको थियो र बिश्वमा पहिलो पटक शोषित पीडित जनताको पहल र प्रयत्नमा एउटा छुट्टै र आफ्नै बिल्कुलै नयाँ - शोषित पीडित बर्ग र समुदायको राज्य स्थापना गरेको थियो। यद्यपि आज त्यो लेनिनले स्थापित र आरम्भ गरेको तथा क्रान्तिकारी नेता स्टालिनले निर्माण गरेको समाजवादी सोभियत संघ केबल इतिहासको एउटा अध्याय बनेको छ। तर आम शोषित पीडित रुसी जनताकासाथै समाजवादी सोभियत संघमा आबद्ध देशका जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र मनोरञ्जन लगायत सर्बतोमुखी मानवीय बिकासको सुनिश्चितता प्रदान गर्ने, बिश्व साम्राज्यवादलाई लल्कार्ने र साम्राज्यवाद, उपनिवेशवाद, नब उपनिवेशवादका आधारमा प्रभुत्व जमाउने र शोषण गर्ने शक्तिका बिरुद्ध निर्धक्ककासाथ खडा हुने सोभियत समाजवादी समाज आज अस्तित्वमा छैन।
त्यसो हुनुमा गम्भीर सैद्धान्तिक बिचलन र तदनुरुपका ब्यवहार खाशगरी स्टालिनको देहाबसानपछि शुरु भएको संसोधनवादी खुश्चोभी चिन्तनले महान अक्टोबर समाजवादी क्रान्ति तथा मार्क्सवाद लेनिनवादको मर्म र भावना अनुरुप नचलेको गम्भीर प्रतिप्रवाहकारी प्रकृतिको आन्तरिक स्थिति र बाह्य साम्राज्यवादी एवं प्रतिकृयावादी षडयन्त्रका कारण त्यो शोषणरहीत समाज पुनः शोषणयुक्त समाजमा परिणत भएर प्रतिगमन हुन पुग्यो। बिश्वका मुक्तिकामी जनता र राष्ट्रका लागि यो अत्यन्तै ठूलो गम्भीर प्रतिगामी धक्का थियो र हो। त्यसको बिश्वब्यापी असर पर्‍यो नै। यस बारेमा छुट्टै गम्भीर, गहन र गहिरो अध्ययन र बिश्लेषण गरिनु अत्यावश्यक छ। तर त्यस धक्काले महान अक्टोबर समाजवादी क्रान्तिको मूल धेय – सबै किसिमका शोषण उत्पीडनबाट मानवताको मुक्ति र त्यसले बिश्वब्यापीरुपमा पारेको अग्रगामी उत्साहकारी प्रभाव कमजोर भएको छैन। क्रान्तिकारी आमूल परिवर्तनको दिशामा केही क्षण ठूलो भ्रम सिर्जना गरेको र अल्मलमा पारेको भए पनि, फेरि पनि त्यसले त्यो मानव मुक्तिको दिशालाई बदल्न सक्ने कुरा थिएन। त्यसैले धक्कालाई ब्यहोर्दै र समीक्षा गर्दै बिश्वभरी नै कम्युनिष्ट आन्दोलन फेरिपनि सबै किसिमका शोषणबाट मानव मुक्तिको धेयमा आ-आफ्नै किसिमले अघिबढ्दैछ र यसलाई पुनः मार्क्सवादी लेनिनवादी सार्बभौम क्रान्तिकारी नियमका आधारमा एकीकृतरुपमा साझा बिन्दू पहिल्याएर अझ सही र उन्नत दिशामा अघि बढाउन सुझबुझपूर्ण र साहसिक पहल प्रयत्न गर्नुपर्ने अत्यावश्यक कुरा छ। यसै सन्दर्भमा हामीले अक्टोबर क्रान्तिलाई सही परिपेक्षमा बुझ्नु/बुझाउनु पर्दछ र सही दिशामा अघिबढ्न सिक्नु र सक्नुपर्दछ।
अक्टोबर समाजवादी क्रान्तिको कुरा गर्दा हामीले के बिल्कुलै बिसर्न हुदैनभने त्यतिबेला रुसमा एकदमै निरंकुश राजतन्त्र जारको शासन थियो र त्यसलाई जारशाही भनिन्थ्यो। जमिन्दार बर्गको त्यो जार साम्राज्य त्यस बेलाको मध्य एशियासम्मै फैलिएको थियो। तथ्यांकअनुसार रुसमा क्रान्तिपूर्वको सबैभन्दा पछिल्लो जार शासकको अधिनमा मात्रै आठ लाख हेक्टर सबैभन्दा राम्रो देशको जमिनमाथि स्वामित्व रहेको र २८,००० ठूला जमिन्दारहरु रहेको कुरा इतिहासमा अंकित छ। ती र अरु ठूला साना सबै जमिन्दारहरुको स्वामित्वमा त्यतिबेलाको रुसी साम्राज्यमा एक करोड ६७ लाख ४० हजार एकड जमिन रहेको उल्लेख छ। त्यस्तो पुरानो सामन्ती स्थितिकासाथै औद्योगिक र खानीको क्षेत्रमा प्रबेश भएको ठूलो पूँजीवादी एकाधिकारले समेतगर्दा रुसी समाज अर्ध सामन्ती जमिन्दारी प्रणालीको रुपमा खडा हुँदै गएको थियो। यद्यपि यसरी रुसमा पनि पूँजीवादको बिकास तीब्ररुपमा हुदैगएको थियो तर यूरोपका अरु देशहरुसँगको तुलनामा त्यतिबेला पनि रुस मूलतः पीछडिएको स्वार्थ अनुकूल बिभाजनगर्ने त्यो बिश्वमा घटित पहिलो साम्राज्यवादी युद्ध थियो। त्यसमा जर्मनी, बेलायत, फ्रान्स र रुस आआफ्ना उपनिवेश र त्यहाँ भएका श्रोत सानधहरुमाथि नियन्त्रणगर्न युद्धमा होमिएका थिए। त्यस क्रममा जारशाहीले रुसका लाखौ लाख श्रमजीवी मजदुर किसानलाई जबर्जस्ती रुसी सेनामा भर्नालिन र युद्धको अग्रिम मोर्चामा खडा भएर लड्न बाध्य तुल्याइरहेको थियो। त्यसलेगर्दा हजारौं हजार रुसी सीपाहीहरुले ज्यान गुमाइरहेका थिए र लगातार जर्मनीसँग हारिरहेका थिए। गरीब तप्काका पनि सबैभन्दा गरीब किसानहरु त रुसी जमिन्दारका दास सरहमात्र थिए र प्रायः तिनले सधैजसो मालिकको कोर्रा खाने गर्दथे। त्यस्तो युद्ध र दासताको अन्त्यन्तै पीडादायक स्थितिमा रुसमा ब्यापक जनअसन्तोष फैलिरहेको थियो।
त्यस स्थितिबाट मुक्त हुन रुसको क्रान्तिकारी शक्ति खाशगरी रुसी कम्युनिष्ट पार्टी बोल्शेभिकले जारशाही सत्ताका बिरुद्ध जन बिद्रोहको बिगुल फुक्यो र जन असन्तोषको सही नेतृत्व गर्‍यो। त्यो आम जन बिद्रोहले फेब्रुअरी १९१७ मा ठूलो क्रान्तिको रुप लियो र जारशाहीको सत्तालाई पल्टाइदियो। त्यसको स्थानमा पूँजीवादी प्रभुत्व भएको केरेन्स्कीको सरकार आयो। त्यो फेब्रुअरी क्रान्तिले जारशाही सत्ताको प्रतिकृयावादी तप्कासँग सम्झौताको नीति लियो र ठूला पूजीपति बर्गको हित साधनगर्ने बाटो पक्रियो। जसलेगर्दा केरेन्स्की नेतृत्वको त्यो सरकारकाप्रति पनि जन असन्तोष तीब्ररुपले बढ्दै गयो, खाशगरी युद्धमा मारिएका सेना र घाइते भएका जनताका परिवारका बीचमा यो सरकार धैरैनै अप्रिय बन्न पुग्यो। यद्यपि त्यही फेब्रुअरी क्रान्तिको दौरानमा लोकप्रिय शक्तिकोरुपमा जनताका नयाँ पद्धतिहरु जस्तै सोभियतहरु - मजदुर,किसान र सैनिकहरुका सोभियतहरु - लाई एउटा शसक्त शक्तिको बिकासको पहलकोरुपमा अघि बढाएको थियो र त्यो जनताको नयाँ संयन्त्र देशका सबै प्रमुख शहरहरु र कतिपय ग्रामीण क्षेत्रमा पनि फैलिसकेको थियो। बोल्शेभिक पार्टी–जुन फेब्रुअरी क्रान्तिपछि कम्युनिष्ट पार्टीको रुपमा प्रकट भयो–ले श्रमजीवी जनता र सेनाका बिभिन्न टुकुडीहरुका बीचमा बनेका सोभियतहरुबाट बढ्दो मात्रामा ठूलो समर्थन पाउदै गयो। सेप्टेम्बर महिनाको अन्त्य हुँदा नहुँदै त्यो संक्रमणकालीन सरकारले मजदुर, किसान र सेनाको ठूलो असन्तोषलाई झेल्नुपरेको थियो। राजधानी पेत्रोग्राद र मास्को जस्ता शहरहरुमा सर्बहारा बर्गले आफ्नै सोभियतहरु खडागरेका थिए, सैनिकहरुले सरकारको साथ दिन छोड्दै बढ्दो क्रान्तिकारी उभारको समर्थन गर्न थालेका थिए। रुसका ग्रामीण क्षेत्रभरीनै त्यतिबेला ग्रामीण किसान र कृषि मजदूरहरुले जमिन्दार र तानाशाहरुको जमिन आफ्नो हातमा लिन शुरु गरिसकेका थिए। जारको सेनामा रहेका सैनिकहरुले पनि आफ्नै सोभियत खडा गर्न थालेका थिए र युद्धको अन्त्य गर्नुपर्ने र शान्ति स्थापना गर्नुपर्ने माग जोडदाररुपमा उठाइरहेका थिए। त्यस स्थितिलाई कुशलतापूर्वक नियालिरहेका निपूण र जनताका कुशल राजनेता लेनिनले सेनालाई सेनाको बर्दीमा यो किसानहरुकै जमात होभनेर प्रष्ट दर्शाएका थिए। बिकसित भएको ठिक यस्तो बस्तुगत स्थितिमा बोल्शेभिक पार्टीका नेतृत्वदायी सिद्धान्तकार र मार्गदर्शक अग्रज नेता लेनिनले ठोस परिस्थितिको एकदमै ठोस बिश्लेषणगर्दै देश बुर्जआ क्रान्तिको पहिलो चरणबाट दोश्रो चरणतिर अघि बढिरहेको र यो दोश्रो चरणको क्रान्तिले राज्य शक्तिलाई सर्बहारा बर्ग र गरीब किसानको सबैभन्दा बिपन्न तप्काको हातमा सुम्पनु पर्दछ भन्ने प्रष्ट घोषणा र दिग्दर्शन गराएका थिए। अन्ततः यसरी क्रान्तिकारी बोल्शेभिक पार्टीको 'सम्पूर्ण शक्ति सोभियतलाई प्रदान गर' भन्ने नारा र आह्वानमा अक्टोबर २५ (पुरानो रुसी पात्रोअनुसार नोभेम्बर सातका दिन मजदुरहरुको सेना(रेडगार्ड) र सेनामा भएका क्रान्तिकारी सैनिकहरु केरेन्सीको नेतृत्वमा रहेको अन्तरिम सरकारलाई सत्ताच्यूतगर्न अघि बढे। यसक्रममा राजधानी पेत्रोग्रादमाथि कुशलतापूर्वक कब्जागर्दै त्यो क्रान्ति सफलताका **बाँकी ७ पेजमा**

## विदेशमा नेपाली कामदारको दुर्दशाबारे एम्नेष्टिको खुलाशा

काठमाडौं। एम्नेष्टि इन्टरनेसनलले गतसाता साबैजनिक गरेको एक प्रतिवेदनमा साउदी अरबको रियाद मेट्रो परियोजनाका श्रमिकमाथि दुर्व्यवहार र शोषण गरेको खुलाशा गरेको छ। अत्यधिक भर्ना शुल्क तिरेर त्यहाँ कामगर्न पुगेका नेपालीसहित आप्रवासी श्रमिकलाई न्यून पारिश्रमिकमा खतराजन्य अत्यधिक गर्मीमा काममा लगाएको प्रतिवेदनमा भनिएको छ। एम्नेष्टिका अनुसार साउदीको मुख्य पूर्वाधार परियोजना मानिएको रियाद मेट्रोलाई सार्वजनिक यातायात प्रणालीको मेरुदण्ड भनेर प्रवर्द्धन गरिएको छ। जुन हालै सञ्चालनमा आएको हो।
यसको निर्माणमा अन्तर्राष्ट्रिय र साउदी कम्पेस्नी संलग्न छन्। यसलाई थप विस्तारगर्ने योजना छ। एम्नेष्टि इन्टरनेसनलकी जलवायु, आर्थिक, सामाजिक न्याय तथा कर्पोरेट जवाफदेहिता कार्यक्रम निर्देशक मार्ता साफका अनुसार रियाद मेट्रोलाई राजधानीको यातायात प्रणालीको मेरुदण्डकारुपमा प्रशंसा गरिन्छ। तर, यसको चम्किलो बाहिरी स्वरुपभित्र आप्रवासी श्रमिकको मानव अधिकारलाई कुण्ठित पारिएको छ। अत्यधिक भर्ना शुल्कको बोझले पहिल्यै थिचिएका यी श्रमिक अत्यन्त न्यून ज्यालाका लागि निकै लामो समयसम्म निकै कष्टकररुपमा कामगर्न बाध्य छन्। उहाँले मानव गतिविधिद्वारा सिर्जित जलवायु परिवर्तनका कारण बढिरहेको उच्च तापक्रमम श्रमिकलाई उचित संरक्षण प्रदानगर्न र उच्च शोषणको जोखिममा पुर्‍याउने प्रणालीलाई परिवर्तनगर्न साउदी सरकार विफल भएको बताइन्। एम्नेष्टिले सन् २०१४ देखि २०२५ सम्म रियाद मेट्रो प्रणाली निर्माणमा संलग्न मुख्य ठेकेदार, सहायक ठेकेदार र श्रम आपूर्तिकर्ता लगायत बिभिन्न विदेशी र साउदी कम्पनीद्वारा रोजगारीमा लगाइएका बंगलादेश, भारत र नेपालका ३८ जना श्रमिकसँग अन्तर्वार्ता लिएको थियो। श्रमिकले एजेन्टले ७०० देखि ३५०० अमेरिकी डलरसम्मको भर्ना शुल्क र सम्बन्धित खर्च तिर्न बाध्यपारेको बताएका थिए। जसका कारण उनीहरु ऋणको भारीमा र दुर्व्यवहार परेको एम्नेष्टिको प्रतिवेदनमा उल्लेख छ। उक्त शुल्क श्रमिक पठाउने देशहरुले तोकेको सीमाभन्दा निकै बढी हो। साउदी कानूनले श्रमिकबाट यसरी भर्ना शुल्क लिन प्रतिबन्ध लगाए पनि यसलाई रोक्न नसकिएको भनिएको छ। श्रमिकलाई घण्टाको दुई अमेरिकी डलरभन्दा कम तलब दिनेगरेको र सातामा ६० घण्टाभन्दा बढी समय काममा लगाइएको एम्नेष्टिले जनाएको छ।
अत्यन्तै न्यून तलबका कारण अतिरिक्त समय कामगर्नु बाहेकको उनीहरुलाई बिकल्प नभएको जनाइएको छ। प्रतिवेदनमा सरकारले सबैका लागि जीवनयापन गर्न पर्याप्त न्यूनतम तलब निर्धारणगर्न नसक्दा विभेदमा परेका आप्रवासी श्रमिकले पाउने तलब झन् कम बन्न पुगेको छ। यसले मर्यादित जीवनस्तर पाउनबाट वञ्चित गरेको उल्लेख गरिएको छ। रियाद मेट्रो परियोजनामा कार्यरत श्रमिकले लामो समयसम्म सहन नसक्ने गर्मीमा टिकिराख्नुपर्दा निकै कष्ट भएको बताएका छन्। प्रतिवेदनमा गर्मीमा दैनिक आठ घण्टाभन्दा बढी समय तापक्रम कम्तीमा प्रायः ४० डिग्री सेल्सियसभन्दा माथि रहन्छ। **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## पूर्व प्रधानमन्त्री शेख हसिनाको मृत्युदण्ड र बंलादेशको राजनीतिमा देखिएको अन्योल

कर्तव्य

आगामी सन् २०२६ को फेब्रुअरीमा निर्वाचन गराउने तयारीमा रहेको भनिएको बंगलादेश राजनीतिक अन्योल अनिश्चितताको भूमरीमा झन झन फस्दैगएको देदिएको छ। गतहप्ता बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई सुनाइएको मृत्युदण्डको सजायलाई लिएर त्यहाँ थप हिंसाहरु भड्किएका छन्भने निर्वाचन हुननसक्ने वातावरण बन्दैगएको छ। बिभिन्न अन्तराष्ट्रिय समाचार संस्थाका समाचार बिवरणहरुअनुसार १५ वर्षे शासन हिंसात्मक विद्रोहबीच समाप्त भएपछि गतबर्ष अगष्ट पाँचदेखि भारतमा निर्वासनमा रहनुभएकी हसिनाले गतसाता सोमबार भएको फैसलालाई पक्षपाती तथा राजनीतिकरुपमा प्रेरित रहेकोभन्दै अस्वीकार गरिसक्नु भएको छ। नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको बंगलादेशको अन्तरिम सरकार देशलाई स्थिरतामा फर्काउने चुनौतीकाबीच आगामी फेब्रअरीमा निर्वाचन गराउन दबाबमा रहेको देखिएको छ। नयाँ



नेतृत्वले आगामी चुनावमार्फत बंगलादेशलाई पुनः प्रजातान्त्रिक मार्गमा लैजाने प्रतिबद्धता जनाए पनि त्यसका खास आधारहरु देखिएका छैनन्। अवामी लिगलाई निर्वाचनबाट पूरै अलग राख्ने निर्णयका कारण राजनीतिक ध्रुवीकरण एकदमै उग्र बनेको विश्लेषकहरुको ठम्याई छ। क्यानाडास्थित एशिया प्यासिफिक फाउन्डेसनका वरिष्ठ फेलो माइकल कुगेलम्यानले बंगलादेशको अन्तरिम सरकारले अवामी लिगमाथि कडा दमन गरेको छ, जसका कारण ध्रुवीकरण ज्वरोजस्तै बढेको टिप्पणी गर्नुभएको छ। चुनावअघिको सबैभन्दा ठूलो जोखिम भनेकै हिंसा भएको उहाँले बताउनुभएको छ। गतबर्ष २०२४ मा भएको दमनमा प्रहरी बल अग्रपंक्तिमा रहेकाले अहिले सुरक्षाको मनोबल कमजोर देखिएको र सम्भावित हिंसा नियन्त्रणगर्न राज्यको क्षमतानै प्रश्नमा परेको विश्लेषकहरुको टिप्पणी छ। हसिनाका छोराले आफ्नो राजनीतिक प्रतिबन्ध नहटाइए अवामी लिगले चुनाव अवरुद्धगर्ने चेतावनीसमेत दिइसक्नुभएको छ। फैसलापछि बंगलादेशको सुपुर्दगी माग दोहोरिए पनि भारतले हसिनालाई फर्काउने सम्भावना निकै कम देखिन्छ। कुगेलम्यानले कसिनाले भारतमै बसेर पार्टीको नेतृत्वगर्न थाल्नुहुनेछ र



राजनीतिक परिस्थितिमा अनुकूलता आए फेरि सक्रिय राजनीतिमा फर्किने लामो खेल खेलिरहनुहुनेछ भन्नुभएको छ। बिबिसी बंगाली सेवाका पूर्व प्रमुख विश्लेषक साबिर मुस्तफाकाअनुसार हसिनाविना अवामी लिग कमजोर हुने भएपनि भविष्यमा पुनः उठ्न चाहे सुधार अनिवार्य छ। उहाँको भनाईमा यदि उहाँले राजनीति फर्कन चाहनुहुन्छ भने पार्टीको संरचनागत सुधार उहाँ स्वयंलेनै आरम्भ गर्नुपर्ने हुन्छभन्ने रहेको छ। मुस्तफाले अनुपस्थितिमा गरिएको मुद्धा गम्भीर रुपमा त्रुटिपूर्ण भएको र मृत्युदण्ड अन्यायपूर्ण रहेको बताए पनि अहिले नेतृत्वको आग्रहमा समर्थकहरुलाई सडकमा लामो समयसम्म टिकाइराख्न कठिन हुने टिप्पणी गर्नुभयो। मानव अधिकार समूह र संयुक्त राष्टसंघका अधिकारीहरुले फैसला र प्रक्रियाप्रति मिश्रित प्रतिक्रिया जनाएका छन्। ह्युमन राइट्स वाच तथा एम्नेष्टी इन्टरनेसनलले निष्पक्षताको प्रश्न उठाएभने संयुक्त राष्टसंघले गत बर्षको कारबाहीका पीडितहरुका लागि यो महत्वपूर्ण क्षण भएको जनाएको छ। यद्यपि राष्ट्रसंघले मृत्युदण्डप्रति आफ्नो विरोध दोहोर्‍याएको छ। यही पृष्ठभूमिमा युनुस नेतृत्वको सरकारले परीक्षण प्रक्रियालाई विश्वसनीयरुपमा प्रस्तुतगर्नु ठूलो चुनौती रहेको कुगेलम्यानको मूल्याकन छ। बंगलादेशमा आगामी चुनाव लगभग २० बर्षपछि पहिलो पटक स्वतन्त्र र निष्पक्ष हुने कतिपयको अपेक्षा छ। सन् २०२४ जनवरीको चुनाव अवामी लिगले चौथो कार्यकाल जिते पनि विपक्षी दलहरुले बहिष्कार गरेका थिए र देशव्यापी हिंसा तथा अन्तर्राष्ट्रिय छानबिनसमेत भएको थियो। मुस्तफाकाअनुसार युनुसले नोबेल शान्ति पुरस्कार विजेताकारुपमा आफ्नो नैतिक विश्वसनीयता पहिले नै कमजोर पारिसक्नुभएको देखिन्छ। उहाँले स्पष्ट भिड न्याय, हिरासतमा मृत्यु, पर्याप्त प्रमाणबिनाका **बाँकी ७ पेजमा**

# आगामी निर्वाचनका सन्दर्भमा उठेका केही महत्वपूर्ण सवालहरु

जगदीश खरेल



जेनजी आन्दोलनको जगमा गठित वर्तमान सरकारलाई जनता, राजनीतिक दल र राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायकोसमेत समर्थन रहेको छ। यस सरकारलाई आगामी फागुन २१ गते घोषित निर्वाचन सम्पन्नगर्ने, सुशासन सन्दर्भ र भ्रष्टाचार नियन्त्रणबारे सघन रुपमा कार्यान्वयनमा लैजाने 'म्यान्डेट' छ। देशको वर्तमान राजनीतिक अवस्थालाई निकास दिने र आसन्न निर्वाचनलाई सुनिश्चितगर्ने निर्णायक घडीमा हामी उभिएका छौँ। मुलुकमा सुशासन कायम तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले कुनै कसर बाँकी राख्दैन। जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिको अनुसन्धान र कारवाहीको प्रक्रिया अगाडि बढाउने सन्दर्भमा सरकारले काम थालनी गरेको छ। मुलुकमा पद्धति र प्रणाली स्थापितगर्दै देशलाई आर्थिक समृद्धिको दिशातर्फ अगाडि बढाउन परेको छ। गत भदौ २३ र २४ को जेनजी विद्रोहपछि गठित अन्तरिम सरकारले निर्धारित मितिमानै निर्वाचन सम्पन्न गराउन राजनीतिक दल र जेनजी प्रतिनिधिसँगसमेत चरण चरणमा सघन वार्ता र छलफल गरिरहेको छ। निर्वाचनको वातावरण बनाएर निर्धारित समयभित्रै निर्वाचन सम्पन्न गर्नेगरी सरकार र राजनीतिक दलहरुसँग भएका छलफलहरु सकारात्मक ढंगबाट अघिबढेका छन्। निर्वाचनको वातावरण बनाउनका लागि राजनीतिक दलहरुसँग भएको वार्ताबाट सरकार एकदमै उत्साहित बनेको छ र राजनीतिक दलहरुबाट असाध्यै सकारात्मक जवाफ आएको छ। सबैभन्दा पहिले राष्ट्रपतिको पहलमा दलहरुसँग संवाद भएको थियोभने प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा सरकारका तर्फबाट राजनीति दलहरुसँग एक चरणमा वार्ता भइसकेको छ।

प्रधानमन्त्रीले यसअवधिमा शीर्ष राजनीतिक दलका नेताहरुसँग 'वानटुवान' पनि वार्ता गर्नुभएको छ। निर्वाचन आयोगमा दर्ता भएका पुराना/नयाँ सबै दलका प्रमुख र प्रतिनिधिसँग निर्वाचन तयारीका विषयमा छिट्टै प्रधानमन्त्रीले छलफलगर्दै हुनुहुन्छ। सरकार र राजनीतिक दलहरुबीच भएको छलफलबाट सरकार उत्साहित बनेको छ। यसले निर्वाचनको वातावरण बनेको छ। निर्वाचन लोकतन्त्रको मूल आत्मा हो। जनताले आफ्नो प्रतिनिधि चुन्ने प्रक्रिया नै निर्वाचन हो। त्यसैले निर्वाचनको माहोल बनाउन राजनीतिक दल र जनेजीलगायत सबै सरोकारपक्ष उत्तिकै जिम्मेवार भएर प्रस्तुत भएका छन्। निर्वाचन सफल बनाउन श्रोत, साधन, जनशक्ति तथा सुरक्षाको वातावरणका लागि सरकारले राजनीतिक दलहरुलाई जानकारी गराएको छ। राजनीतिक दलहरुका तर्फबाट सुरक्षाको वातावरण बनाउनुपर्छ भन्ने चासो राख्नु स्वाभाविक पनि हो, त्यसप्रति सरकार प्रतिबद्धताकासाथ लागेको छ। सरकारकातर्फबाट पनि निर्वाचनको सुरक्षाको वातावरण बनाउन सम्पूर्ण तयारी गर्छ, राजनीतिक दलहरुले ढुक्कसँग निर्वाचन प्रक्रियामा सहभागी हुनुपर्छ भनेर सरकारले विश्वास दिलाएको छ। जेनजी युवा र राजनीतिक दलहरुलाई पनि सँगै राखेर छलफलको वातावरण बनाई उनीहरुको भावना र सहभागितामा निर्वाचन सम्पन्न गराउन पहल शुरु गरिसकेको छ।

केही राजनीतिक दलहरुले निर्वाचनमा जाने निर्णय गरिसकेको र केहीले छिट्टै निर्णय गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। अधिकांश दल महाधिवेशन, आमसभा, भेला, सन्देश सभा जेजस्तो गतिविधि गरेपनि निर्वाचनकै तयारीमा लागेका छन्। निर्वाचन आयोग पनि कार्यतालिका बनाएर अगाडि बढेको छ। सुरक्षाकर्मी पनि उच्च मनोबलका साथ अगाडि बढेका छन्। सुरक्षा निकाय निर्वाचनमा सुरक्षा दिन तयार छ/। उहाँहरुले सुरक्षाको 'रोडम्याप' नै बनाइसक्नुभएको छ/। अब यसमा कुनै सन्देह गर्नुपर्ने कारण छैन। जनतामा पनि विस्तारै निर्वाचनको रौनक बढ्न थालेको छ। जेनजी विद्रोहका क्रममा लुटिएका हातहतियारहरु फिर्ता नभएको र बिभिन्न आपराधिक गतिविधिमा संलग्न कैदीहरुसमेत फरार रहेको अवस्थामा सुरक्षा चुनौतीको कारण घोषित मितिमा निर्वाचन सम्पन्न हुन गाह्रोरहेको विश्लेषण हुनेगरेका छन्। निर्वाचनको पूर्वसन्ध्यामा उत्पन्न सुरक्षा चुनौती र प्रवासी नेपालीको मताधिकारको विषयमा निर्वाचन आयोगले गम्भीर छलफल शुरु गरेको छ। आयोगका अधिकारीहरुले पनि सुरक्षा निकायका प्रमुखहरुसँग छलफलगर्दै हालको अवस्था विश्लेषण गरिरहेका छन्। जेनजी आन्दोलनको समयमा लुटिएका अधिकांश हतियार फिर्ता भइसकेको जानकारी गृह मन्त्रालयले दिएको छ।

केही हतियारहरु अझै बाहिर रहे पनि प्रहरीले विशेष 'अपरेसन'मार्फत ती हतियारहरु फिर्ता ल्याउने विश्वास छ। अहिले उत्पन्न सुरक्षा चुनौतीको सम्बन्धमा आयोगले गम्भीर रुपमा छलफल गरिरहेको छ। त्यसैगरी, विदेशमा रहेका नेपालीहरुले मतदानगर्न पाउनुपर्छ भन्ने कुरा उठेको छ। सरकारले विदेशमा रहेका मतदातालाई कसरी मतदानको अधिकार दिलाउन सकिन्छ र त्यसका लागि कस्तो कानूनी र प्राविधिक सम्भावनाका विषयमा आयोगसँग परामर्श गर्दै आएको छ। अहिले विदेशका केही ठाउँमा भएपनि विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागी गराऊँ भन्ने सरकारको सोचाइ छ। यसबारेमा सरकारले आफ्नै तहबाट अध्ययनसमेत गरिरहेको छ। विदेशमा रहेका नेपालीहरुलाई मतदानमा सहभागी गराउनुपर्ने मागलाई स्वाभाविक मान्न सकिन्छ। विदेशमा रहेका नेपालीहरुले मताधिकार पाउनुपर्छ भन्ने विषयमा अहिले बिभिन्न चरणमा छलफल पनि भइरहेका छन्। घोषित मितिमा निर्वाचन गर्दा जेनजी पुस्ताका लाखौँ मतदातालाई मतदानगर्ने अधिकारको सुनिश्चित गर्न सरकारले अध्यादेश ल्याएको छ। सोही आधारमा निर्वाचन आयोगले निर्वाचनको मिति तोकिएपछि बन्दभएको मतदाता नामावली संकलन गर्ने कार्य जारी राखेको छ। अहिले पनि देशभर मतदाता नामावली संकलनको कार्य भइरहेको छ। हाल मतदाता नामावली संकलनदेखि आवश्यक सामग्री खरिद र आचारसंहिता निर्माणसम्मका तयारी अन्तिम चरणमा पुगेका छन्। आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणापछि नयाँ मतदाता र राजनीतिक दल थपिनेक्रम जारी रहेको छ। निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली संकलनमा हालसम्म दुई लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन्भने निर्वाचन घोषणापछि २१ नयाँ दलले दर्ताका लागि आयोगमा आवेदन दिएका छन्। केही दलले दर्ता प्रमाणपत्र पाइसकेका छन्भने केही दल विभाजन भई नयाँ दलको मान्यता पाएका छन्। आयोगमा कात्तिक ३० गतेसम्म एक सय २३ राजनीतिक दलले दर्ताको प्रमाणपत्र लिएका छन्, दल दर्ताको प्रक्रिया रोकिएको छैन। थप ३२ दलले दर्ताका लागि निवेदन दिएका छन्। निर्वाचनलाई लक्षित गरी आयोगद्वारा सञ्चालित मतदाता नामावली संकलन तथा अद्यावधिक उत्साहजनक सहभागिता भइरहेको र निर्वाचन आयोगले हिजोसम्म छलाख २० हजार नयाँ मतदाता थपिएको जनाएको छ। यसले आगामी निर्वाचनका लागि अपार दलीय उत्साह रहेको देखिन्छ। प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनमा भाग लिई विवेकको मत प्रयोग गर्ने अवसरका लागि नाम दर्ता गराउन युवा युस्तालाई आह्वानगर्दै आउनुभएको छ। मुलुकलाई अगाडि बढाउनका लागि निर्वाचनको अर्को बिकल्प छैन। निर्वाचन गराउन नसके मुलुकमा अर्को जोखिम आइपर्छ, निर्धारित समयमा निर्वाचन गराउनै पर्छ। निर्वाचनको माहोल बनाउन मैले पनि व्यक्तिगतरुपमा र सामूहिक ढंगबाट राजनीतिक दलका नेताहरु, सामाजिक क्षेत्रका व्यक्तित्वहरुसँग छलफल गरेको छु। बिभिन्न सञ्चारमाध्यमका सम्पादक एवं प्रतिनिधिहरुसँग पनि भेटगरी फागुन २१ गते निर्वाचन सम्पन्न गर्न सरकारले सम्पूर्ण तयारी गरिरहेकाले निर्वाचनको **बाँकी ७ पेजमा**

# सरकारी सम्पत्तिमाथि खेलबाडका सन्दर्भमा बर्तमान सरकार

रुपा थापा

०७९ बैशाख ३० गते देशभरका स्थानीय तहमा निर्वाचन भयो। ०७९ मंसिर चारगते प्रतिनिधिसभा तथा प्रदेशसभा चुनाव भयो। भनिन्छ स्थानीय होस् या प्रतिनिधि सभा तथा प्रदेश सभा चुनावमा उठेका उम्मेदवारहरुले पार्टीलाई ५० हजारदेखि करोडौं रकम चन्दा दिएका थिए। वडाध्यक्ष जित्नकै लागि पचासऔं लाख खर्च गरियो त सांसद जित्न दशौं करोड। त्यो पैसा कहाँबाट आयो ? अहिलेसम्म कसैलाई थाहा छैन। अबभने ती सबै पोल खुल्दै गएको छ। साढे तीन बर्षअघि घरजग्गा, सेयर, गाडी कारोबार राम्रै थियो। सहकारी फष्टाएको थियो। त्यसो त चुनावमा धेरै सहकारी सञ्चालक, अध्यक्षहरु पनि उठेका थिए। उनीहरुले पार्टीलाईमात्रै करोडौं दिएका थिए त भोटका निम्ति पनि करोडौं खर्चिए। यसरी उनीहरुले खर्चिएको रकम आफ्नो नभई सहकारीमा बचतकर्ताले राखेको निक्षेप थियो। चुनाव जित्न सहकारीको सबै पैसा उनीहरुले चलाए। चुनाव जितेपछि ठेक्कापट्टामा कमिशन वा भ्रष्टाचार गरेर फेरि कमाउने उनीहरुको दाउ थियो। तर, धेरैजसोले चुनाव नै जितेनन्। अनि शुरु भयो उनीहरुको भागाभाग। सहकारी सञ्चालक, अध्यक्ष भागेसँगै बचतकर्ता पनि डुबे। उनीहरुको रुवाबासी चलेको छ। यता, घरजग्गा, गाडी, सेयर बेचेर पनि धेरैले चुनाव लडे। साढे तीन बर्षअघि एक आना जग्गाकै मूल्य ठाउँअनुसार २५ लाखदेखि करोडौं थियो। सेयर ३२ सयमा किनबेच हुन्थ्यो त गाडी मोडेल र सिसिअनुसार लाखौंदेखि करोडौंमा। चारआना जग्गा बेचे मज्जाले चुनाव लड्न पुग्ने। अनि धेरैले आफ्नो पुर्ख्यौली जग्गा धेरै पार्टीलाई चन्दा दिई टिकट लिए र चुनाव लडे। यसरी चुनाव जितेपछि उनीहरुले गर्ने भनेकै भ्रष्टाचार हो। गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनले प्रतिनिधिसभा विघटन भएको छ। सदन विघटनसँगै सरकारले आउँदो फागुन २१ गते चुनावको मिति घोषणा गरिसकेको छ। चिया पसलदेखि सार्वजनिक स्थल, यातायातमा चुनावबारे व्यापक चर्चा छ। चुनाव नजिकिएसँगै राजनीतिक दलहरुमा टिकटका निम्ति लबिङ शुरु भइसकेको छ। तर, धेरैसँग यो पटक पैसा छैन। किनकि घरजग्गा, सेयर, गाडी कारोबार ठप्प छ। घरजग्गा बेचेर पार्टीलाई चन्दा दिन पनि बिक्रि हुन्न। सेयरको मूल्य त लगातार घटिरहेको छ। उता, सहकारी सबै भागिसके। आफ्नै निक्षेप फिर्ता नपाएर बचतकर्ताको रुवाबासी चलेको छ अनि अरुलाई के पैसा दिन्छ ? सबै ठप्प भएपछि धेरैको आगामी चुनावमा उम्मेदवार बन्ने सपना सपना नै बन्नेजस्तो देखिएको छ। यदि राम्रो काम गरेको न उम्मेदवार बन्न पार्टीलाई चन्दा दिनुपर्थ्यो न जनतालाई मासुभात र पैसा। राजनीतिक दलका नेताहरु जहिल्यै चुनावका बेला मात्रै आफ्नो क्षेत्रमा देखा पर्छन्। अन्य समयमा आफ्नो क्षेत्रमा जतिसुकै संकट आइलागेपनि उनीहरु केही गर्दैनन्। धेरैजसो जनप्रतिनिधि त जनप्रतिनिधिको नाममा कलंक छन्। आफ्नै क्षेत्र मास्न उनीहरु लागिपरेका छन्। सरकारको मापदण्डविपरीत बनेका कतिपय घर तथा भवनलाई भनसुनको आधारमा सम्पन्नता प्रमाणपत्र दिने। बत्ती, पानी, फोहोरको पैसा नलिने। व्यापार व्यवसाय दर्तागर्नु नपर्ने र राजस्व पनि तिर्नु नपर्ने। सरकारी, सार्वजनिक, गुठी, ऐलानी, राजपरिवार, हदबन्दी बढी तथा ढुंगेधारा, मठमन्दिर लगायतको जग्गा व्यक्तिका नाममा लैजाने। आफ्ना कार्यकर्तालाई जागिर लगाइदिने। अनि आफूलाई भोट नदिने व्यक्तिलाई चाँहि राज्यबाट उपलब्ध सेवासुविधाबाट समेत वञ्चित गराउने। भक्तपुर नगरपालिका-१, पुरानो सल्लाघारीको दायाँबायाँ, चोङ्गा गणेश, दुवाकोट जाने ट्याम्पोपार्क, हनुमन्ते खोला -सिर्जनानगर) वारिपारि र राधेराधेको भाटभटेनी, निर्माणधीन १५ तले भवन, ड्राइभिङ सेन्टर, राजेश हार्डवेयर सञ्चालित जग्गा ०२१ सालमा नापीहुँदा सरकारी, ऐलानी, गुठी भनि ढड्डामा लेखिएको थियो। ०२९ सालसम्म यी ठाउँमा एउटै घर बनेका थिएनन्। घाँरी मात्र थियो। ०३२ सालमा कतिपयले त्यहाँ छाप्रो हाले। तीनै व्यक्तिहरुले ०३५ सालमा ढुंगा माटोको घर बनाए। छानोमा टायल हालेर। त्यसपछि यो जग्गा कब्जा हुनथालेको हो। कतिपयले त्यसरी घर बनाएको देखेपछि अरुले पनि जग्गा कब्जा गरे। यी ठाउँमा हजारौं रोपनी जग्गा छ। जसको मूल्य अहिले आनाकै २५ लाखदेखि करोडौं छ। ०४६ सालअगावै कतिपय पार्टीका कार्यकर्ताले यो ठाउँको जग्गा कब्जा गरे। ०४६ सालमा पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो। भक्तपुरमा मजदुर किसान पार्टीबाट जनप्रतिनिधि चुनिए। अनि भोटका निम्ति मजदुर किसान पार्टीले यो **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## चलचित्र विधेयकमा संशोधन आवश्यक रहेको मन्त्रिको खुलाशा

काठमाडौं। चलचित्र विधेयकमा संशोधन आवश्यक भएको बताउन थालिएको छ। यसैक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र विधेयक-०८१ अपुरो रहेकाले त्यसलाई संशोधन गर्नुपर्ने बताउनुभएको छ। उहाँले ५६ बर्षपछि आएको विधेयक समयसापेक्ष हुननसकेको उल्लेखगर्दै आवश्यक संशोधनसहित चलचित्र विधेयकलाई अझ परिष्कृत र विवादरहित बनाउन राष्ट्रियसभाको विधायन समितिसमक्ष आग्रह गर्नुभयो। समितिको गतसाताको एक बैठकमा चलचित्र विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उहाँले विधेयकलाई दर्शक, निर्माता, नियमनकर्तालगायत सरोकारवाला पक्षबाटसमेत हेर्दा आफूले १० प्रतिशतमात्र संशोधन भएको पाएको टिप्पणीगर्दै आवश्यक परे पुनर्लेखन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले मैले चारवटा लेन्स प्रयोग गरेर विधेयक अध्ययन गरे। पहिला दर्शक भएर हेरे यो विधेयक नेपाली जनता जसले सिनेमा हेर्छ। दोश्रो मैले सिनेमा बनाउने पक्षबाट हेरेँ, तेश्रो मैले यसलाई चाहिने सहजीकरण र नियमनगर्ने निकाय भएर हेरेँ र चौथो ग्लोबल प्रस्पेक्टिभबाट हेरेँ। यी चारै लेन्सबाट हेर्दा यो विधेयकमा ५६ बर्षपछि आएकोजस्तो संशोधन भएको छैन। यसलाई २० देखि ३० प्रतिशत पुऱ्याउन सकियो भने समय अनुकूल हुन्छ। आवश्यक परे ४० प्रतिशत नै पुऱ्याउनुपर्ने हो कि ! भन्नुभयो। मन्त्री खरेलले चलचित्र क्षेत्रमा नियमनभन्दा पहिला सहजीकरण र सुविधा दिनुपर्नेमा जोड दिनुभयो। चलचित्र कुन मन्त्रालयअन्तर्गत रहनेभन्ने बहसमा मन्त्री खरेलले चलचित्र क्षेत्र स्वभाविक रुपमा सञ्चार, दृश्य-श्रव्य, प्रविधि र उत्पादनसँग जोडिने भएकाले सञ्चार मन्त्रालयकै मातहत राख्नुपर्ने तर्क राख्नुभयो। उहाँले सेन्सर बोर्डमाथि उठाइएका चिन्ता र चासोलाई सम्बोधनगर्ने प्रतिबद्धता व्यक्तगर्दै मौलिकपन र सर्जनशील पक्षको संरक्षण गर्नेगरी सेन्सरको प्रावधान राख्नुपर्नेमा जोड दिनुभएको थियो। मुलुकको समसामयिक राजनीतिक प्रशंग उल्लेखगर्दै नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री खरेलले प्राप्त कार्यादेशबमोजिम आगामी फागुन २१ गते निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभएको थियो। तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नेगरी आवश्यक तयारी गरिहेकाले त्यसमा सहयोगगर्न अनुरोधगर्दै मन्त्री खरेललेनिर्वाचनको वातावरण बनाउने सन्दर्भमा सरोकारवाला पक्षसँग चरणबद्धरुपमा छलफल गरिरहेको सरकारले राजनीतिक पार्टीहरुसँगको संवादलाई निरन्तरता दिनेक्रममा बैठक आयोजना गरेको जानकारी दिनुभएको थियो। प्रस्तावित चलचित्र विधेयकमाथि व्यक्तिगत र सामुहिकगरी १० वटा समूहमा छलफल गरिएको छ। सो विधेयकमाथि १८९ बुँदामा संशोधन परेको छ। यस समितिका सदस्यबाहेक २० जना अन्य सांसद्को संशोधन परेको समिति सचिव मनोजकुमार गिरीले जानकारी दिनुभएको थियो। समितिका सदस्य एवं संशोधनकर्ता रेणु चन्द, झक्कुप्रसाद सुवेदी, डा अन्जान शाक्य, कृष्णबहादुर रोकाय, तारामान स्वाँर, पदमबहादुर परियार र मदनकुमारी शाहलगायतले नेपाली चलचित्र उद्योग गम्भीर संकटमा परेको उल्लेखगर्दै यसलाई मनोरञ्जनमात्र नभई सामाजिक रुपान्तरण, सांस्कृतिक प्रभाव र आर्थिक उद्यमकारुपमा हेर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। कलाकारको जीवन कठीन बन्दैगएको, लगानीकर्ता निरुत्साहित भएको र प्रविधिको तीव्र विकाससँगै प्रतिस्पर्धा गर्न नसकेकोजस्ता मुद्दा सांसदहरुले उठाउनुभएको थियो।

## बिभिन्न श्रष्टालाई सम्मान र पुरस्कार

काठमाडौं। बिभिन्न श्रष्टालाई सम्मान र पुरस्कार प्रदमान गरिएको छ। मानव अधिकार तथा शान्ति समाजले ०८२ को श्रष्टा सम्मान पुरस्कार सातजना महिला श्रष्टासहित सात प्रदेशका नौ भाषाका ११ जना श्रष्टाहरुलाई पुरस्कार प्रदानगरेको छ। गतसाता आयोजित कार्यक्रममा डा गोपाल ठाकुरलाई महाप्रसाद रिजाल लोकतन्त्र श्रष्टा सम्मान, लक्ष्मी मालीलाई राधादेवी दाहाल सद्भाव श्रष्टा सम्मान, भागिरथी श्रेष्ठलाई ज्ञानप्रसाद खनाल सहिष्णुता सम्मान, रामबहादुर थापा मगरलाई भूमिप्रसाद बराल श्रष्टा सौगात, वागदेवी राईलाई जोगमाया बराल श्रष्टा सौगात, पञ्चकुमारी परियारलाई श्रीप्रसाद दाहाल श्रष्टा सौगात, शर्मिलाकुमारी चौधरीलाई पद्मप्रसाद दाहाल श्रष्टा सौगात, माधव चौलागाईलाई राधादेवी दाहाल श्रष्टा सौगात, गौरी तमुलाई जनककुमारी रेग्मी श्रष्टा सौगात पुरस्कार प्रदान गरिएको थियो। त्यसैगरी प्रा चूडामणि रेग्मीलाई पवित्रादेवी चौलागाईं मानव अधिकार श्रष्टा सम्मान, प्राडा गुरुप्रसाद सुवेदीलाई चन्द्रकला खनाल अहिंसा श्रष्टा सम्मान, पुरष्कृतहरुका तर्फबाट परिवारका सदस्य तथा प्रतिनिधिले ग्रहण गर्नुभएको थियो। पुरस्कृत श्रष्टाहरुले नेपालीका अतिरिक्त नेपाल भाषा (नेवारी), संस्कृत, मैथिली, भोजपुरी, थारु, राई, मगर र गुरुङगरी नौ भाषामा विशेष योगदान गर्नुभएको थियो भने अंग्रेजी भाषामासमेत उहाँहरुका कृति प्रकाशित छन्। शान्ति समाजले ०७७ देखि पुरस्कार प्रदानगर्दै आएको समाजका उपनिर्देशक सरिता पौडेलले जानकारी दिनुभएको छ। उहाँकाअनुसार दुर्गालाल श्रेष्ठलाई कृष्णकुमारी दाहाल शान्ति श्रष्टा सम्मान, डा तीर्थबहादुर श्रेष्ठलाई मानबहादुर रावल वातावरण श्रष्टा सम्मान, करुणा झालाई श्रीनारायण दाहाल श्रष्टा सौगात पुरस्कार प्रदान गरिएको छ। स्वास्थ्य अवस्थाका कारण उहाँहरु उपस्थित हुन सक्नुभएन। समाजका सभापति रेनुका पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा समाजका संस्थापक सभापति कृष्ण पहाडी, राष्ट्रिय गानका रचनाकार व्याकुल माइला, पूर्वमुख्य न्यायाधीश शेषराज शिवाकोटी, कवि अर्जुन पराजुली, शान्ति समाजका पूर्वसभापतिहरु होमकान्त चौलागाईं र रामकृष्ण बराल, संस्थापक सदस्य कृष्ण कँडेल, सल्लाहकार रामप्रसाद जोशी, सचिव दिल्ली जैसी, सचिव दिवाकर पुडासैनी, सचिव प्रेम पटेल, सचिव तुलसीराम सुनार, कोषाध्यक्ष चन्द्रमणि बञ्जारा, पूर्वकोषाध्यक्ष किरण ढकाल र श्रष्टा रामबाबु दाहालको उपस्थिति रहेको थियो। कार्यक्रममा उपसभापतिहरु लक्ष्मीनारायण मिश्र र धन थापा, पूर्ववरिष्ठ उपसभापति तथा अनुशासन समितिका संयोजक कृष्णबहादुर रावलले मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन महासचिव प्रकाश शाहीले गर्नुभएको थियो। कार्यक्रममा नेपालको साहित्यिक फाँटका पछिल्ला गतिबिधिका बारेमा चर्चा पनि गरिएको थियो।

# नेपालको राजनीतिमा देखिएको सिन्डिकेट र यातायातको अवस्था

**अनुसा थापा**

## आर्थिक मञ्च

नेपालको राजनीतिमा देखिएको सिन्डिकेट र यातायातको अवस्थाका बारेमा धेरै कुराहरु उठेका छन् । काठमाडौं उपत्यकाभित्र छ्याप्छ्याप्ती २० वर्षे पुराना ट्याक्सीको स्क्र्याप गरेको नम्बर प्लेट खरिदबिक्रि भइरहेको पाइन्छ । वकर्सप, चोकचोक, यातायात कार्यालयहरुमा ट्याक्सीको स्क्र्याप नम्बर प्लेट आठदेखि नौ लाखमा खरिदबिक्रि गरिरहेको भेटिन्छ । सरकारले स्क्र्याप गरेको नम्बर प्लेटमा बिद्युतीय गाडी दिइरहेको छ । एउटाले स्क्र्याप गरेको नम्बर प्लेट बेच्छ, अर्कोले किन्छ अनि बिद्युतीय ट्याक्सी खरिद गरेर त्यहीँ नम्बरमा दर्ता गरिन्छ । बिद्युतीय गाडी दुई थरीको छ । एउटाको ३७ लाख र अर्कोको ४१ लाख ५० हजार रुपैयाँ छ ।

त्यसमा नौ लाख जोड्दा एउटाको ४६ लाख र अर्कोको ५० लाख ५० हजार हुनजान्छ । बागमती प्रदेशमा लामो समयदेखि कालो प्लेटको ट्याक्सीको दर्ता बन्द छ । ०५७ जेठ १७ गते कालो प्लेटको ट्याक्सीको दर्ता बन्द छभने अहिलेसम्म खोलिएको छैन । हाल कालो प्लेटको मीटरजडित ट्याक्सीको संख्या जम्मा नौ हजार छ । एअरपोर्टमा चल्ने हरियो प्लेटको ट्याक्सीको दर्ता बन्द भएको ३२ बर्ष भइसकेको छ । २०५० सालमा एअरपोर्टमा २०७ वटा ट्याक्सी दर्ता भएको थियो । २० बर्ष पुगेपछि त्यो हटाएर ०७० सालमा स्क्र्याप गरेको नम्बर प्लेटमा २०७ वटा नयाँ गाडी हालियो । त्यहाँ पनि नयाँ दर्ता खुलेन । कालिमाटी तरकारी तथा फलफूल बजारमा ०४३ सालदेखि ढुवानी गाडीको दर्ता बन्द छ । त्यहाँ १०६ वटा ढुवानी गाडी सञ्चालनमा छ । फो-स्टक टेम्पोको त दर्तानै खोलिएको छैन । यातायात व्यवसायीले ०५७ जेठअगाडि अटोशोरुमसँग गाडी किनेर ट्याक्सीमा दर्ता गरे । ती सबै ट्याक्सी मारुतीको ७९६ सिसी मोडलका हुन् । ट्याक्सी चौबिसै घण्टा चल्छ । चालकले डे र नाइट सिफ्ट गरेर ट्याक्सी चलाउने गरेका छन् । बिहान पाँच बजेदेखि बेलुका पाँच बजेसम्म ट्याक्सी चलाउनेले एक हजार ३०० रुपैयाँ साहुलाई बुझाउँछ, त्योपनि पेट्रोल हालेर । साथै, चालकले टाँका पनि लैजान्छन्, खाना पनि खान्छन् । बेलुका पाँच बजेदेखि बिहान पाँच बजेसम्म साहुलाई चालकले एक हजार २०० रुपैयाँ साहुलाई बुझाउँछन् । आफ्नै ट्याक्सी चलाउनेले बिहान सात बजेदेखि रातिको ११ बजेसम्म १० देखि १२ हजार रुपैयाँ आम्दानी गर्छ । ट्याक्सीको सेवाशुल्कबापत यात्रुले ५० रुपैयाँ तिर्नुपर्छ । जबकि, ट्याक्सीको इन्धन पनि खर्च भएको हुँदैन, यात्रुले सेवा पनि पाएका हुँदैनन् । सेवाशुल्कबापत मात्र ट्याक्सी चालकले दिनहुँ छकरोड रुपैयाँ यात्रुलाई ठग्छन् । त्यसैगरी प्रति किलोमिटर ५० रुपैयाँ ट्याक्सी भाडा रहेको छ । राति ट्याक्सीले डेडी हिर्काउँछ । पठाओमार्फत ट्याक्सी बुकिङगर्दा शुरुमै १७७ रुपैयाँ तिर्नुपर्छ ।

दुई लाखमा किनेको ट्याक्सीले २५ बर्ष व्यवसाय गरिसकेको छ । एउटै ट्याक्सीबाटै करोडौंको आम्दानी गरिसकिएको छ । त्यही ट्याक्सीको नम्बर प्लेट अहिले नौलाखमा बिक्रि हुन्छ । २० वर्षे पुराना ट्याक्सीको नम्बरप्लेटमा बिद्युतीय ट्याक्सी दर्ता गरिन्छ, जसको चल्ने अवधि ३० बर्षको छ । अब भनौं-यातायात क्षेत्रमा भएको सिण्डिकेट हटेको रहेछ ? देशमा लोकतन्त्र, गणतन्त्र आएको १८ बर्ष भयो । तर, नेताहरुले जाबो एउटा दर्ता पनि खोल्न सकेनन् । नेताहरुले के गरेका रहेछन् ? घामजस्तै छर्लङ्ग छ । कालो प्लेटको ट्याक्सीको दर्ता बन्दभएको २५, एअरपोर्टको ३२ र कालिमाटीमा चल्ने ढुवानी गाडीको ४० बर्ष भइसकेको छ । देशमा लोकतन्त्र, गणतन्त्र आएरमात्र परिवर्तन हुँदो रहेछ ? संविधान बनेर के भयो ? देश संघीयतामा गएर के भयो ? एउटा सिण्डिकेट त हटाउन नसक्नेले अरु के गर्छन् ? कामगर्ने मान्छे नभएपछि संविधान कागजको खोस्टो बन्दो रहेछभन्ने उदाहारण पनि हो यो । कानून बनाएरमात्र हुँदैन, कार्यान्वयनगर्न सक्नुपर्छ । त्यसका लागि काम गरेर देखाउने हुटहुटी भएको नेता र कर्मचारी चाहिन्छ । यहाँ त जम्मै 'एउटै ड्याङ्गका मुला' जस्तै छन् । यातायात व्यवस्था कार्यालय, एकान्तकुनाले ०६९ सालमा ट्याक्सीको विषयमा गहन अध्ययन गर्‍यो । ०५७ जेठ १७ सम्म सात हजार ५०० ट्याक्सी दर्ता भएको र त्योमध्ये एकहजार ८५० डिजेलबाट चल्ने विस्थापित भइसकेको पाइयो । ट्याक्सीको संख्या बाँकी रह्यो, जम्मा पाँच हजार ६५० । त्यसपछि ०६९ माघमा पाँच हजार लक्जरियस् ट्याक्सीका लागि कार्यालयले यातायात मन्त्रालय र यातायात व्यवस्था विभागलाई पत्र लेख्यो ।

०५७ सालपछि ट्याक्सीको संख्या घटेको, जनसंख्या बढेको, भएका ट्याक्सीले राम्रो सेवा दिन नसकेकाले दर्ता खोल्न आवश्यक रहेको पत्रमा उल्लेख छ । त्यतिबेला प्रधानमन्त्री बाबुराम भट्टराई र यातायातमन्त्री हृदयेश त्रिपाठी थिए । यातायात व्यवसायीको दबाबमा परेर त्यो पत्र दराजमा थन्क्याइयो । गत असार एकगते बागमती प्रदेश सरकारले ल्याएको बजेटमा नयाँ ट्याक्सीको दर्ता खोल्ने उल्लेख छ । यद्यपि त्योपनि कार्यान्वयन गरिएन । ट्याक्सीको परमिट उपत्यकाभित्र मात्र छ । जबकि बस्ती जताततै बसिसकेको छ । तर, ट्याक्सी चक्रपथबाहिर जान मान्दैन, मीटरमा हिँड्दैन । मीटरमा जाँदा २०० रुपैयाँ उठ्ने बाटोमा ट्याक्सी चालकले हजार माग्छन् । एअरपोर्टको ट्याक्सीमा झन् मीटरनै छैन । चालकले एअरपोर्टबाट तीनकुने आएको दुई हजार मागिदिन्छन् । कालिमाटीमा ढुवानी गाडी न्यूनहुँदा सबै निजी प्लेटका सवारीले तरकारी र फलफूल बोक्छ । ०७२ जेठ २८ गते सरकारले एक हजार ८५० ट्याक्सीको दर्ता खोल्यो । विभागले ०७२ साउन २० देखि भदौ दुई गतेसम्म एक दिने सूचना जारी गर्‍यो । एकहजार १० रुपैयाँ राजश्व तिरेर १५ दिनमा १५ हजार ७५१ जनाले ट्याक्सीका लागि फाराम भरे । तर, गोलाप्रथामार्फत तोकिएको संख्याले ट्याक्सी पाए, अरु हरेको हेर्‍यै । ०७२ बैशाख १२ गते गएको भूकम्पमा १४ जिल्लामा अत्याधिक क्षति भयो । सरकारले ०७२ चैत २१ गते अति प्रभावित जिल्लाका भूकम्प पीडितलाई एक हजार ५०० ट्याक्सी दिने निर्णय गर्‍यो । २०७३ साउन ५ देखि भदौ ५ गतेसम्म दरखास्त मागियो । रातो कार्डका आधारमा ११० रुपैयाँ राजश्व तिरेर एक लाख ४९ हजार ५५८ जनाले फाराम बुझाए । जसमध्ये तोकिएकोले ट्याक्सी पाए, अरु रित्तै । उनीहरुले रातभर लाइन बसेर फाराम भरेका थिए, तर पाएनन् । ट्याक्सी किनेर चलाउँछु भन्नेको संख्या यत्रो छ । तैपनि, सरकारले किन नयाँ दर्ता नखोलेको ? सीमित यातायात व्यवसायीको फाइदाका लागि सँधै जनतालाई दुःख दिइरहने ? सरकारले नयाँ ट्याक्सीको दर्ता नखोलिदिँदा निजी प्लेटका सवारी साधनले यात्रु बोक्नथालेका छन् । उनीहरुले मनलाग्दी भाडा असुलिरहेका छन् । अर्कोतिर, यात्रुले आवश्यक परेको बेला ट्याक्सी पाउँदैनन् । सरकारले नयाँ ट्याक्सीको दर्ता खोलिदिने होभने नम्बर प्लेट सित्तैमा पाइन्छ । नम्बर प्लेटको छुट्टै नौ लाख रुपैयाँ तिर्नैपर्दैन । यातायात व्यवसायीले त्यो नौलाख पनि भाडामा जोडेर यात्रुबाट उठाउँछन् । जे गरेपनि ठगिने र समस्यामा पर्ने जनता नै भए । नयाँ ट्याक्सी खुल्योभने धेरैले रोजगारी पाउँछन् । बजारमा खुला प्रतिस्पर्धा हुन्छ । यात्रुले आफ्नो अधिकारको प्रयोग गर्न पाउँछन् । विडम्बना, सरकार जनताप्रति अलिकति पनि उत्तरदायी छैन । अहिले पार्टीगत नभई स्वतन्त्र सरकार छ । प्रधानमन्त्री सुशीला कार्कीले चाहिन् भने क्षणिकमै नयाँ ट्याक्सीको दर्ता खुल्छ । एउटा निर्णय न गर्ने हो । अहिलेको गृहमन्त्री ओमप्रकाश अर्याल कानून व्यवसायी हुन् । भौतिकमन्त्री कुलमान घिसिङलाई बत्तीबाहेक अन्य कुनै कुरामा चासो छैन । यो सरकारले सिण्डिकेट तोडेर नयाँ ट्याक्सीको दर्ता खोल्ने हो भने इतिहास रहन्छ । धेरै जनताको ट्याक्सी चलाएर रोजगारी गर्ने रहर छ । नयाँ ट्याक्सीको दर्ता खोल्दा राज्यको ढुकुटीमा राजश्व पनि जम्मा हुन्छ । यो आजको प्रमुख ध्यान दिनुपर्ने बिषय भएको छ ।

# टेलिकमको बिलिङ टेन्डर प्रक्रिया अन्योलमा

काठमाडौं । नेपाल टेलिकमको बिलिङ टेन्डर प्रक्रिया अन्योलमा परेको थाहाभएको छ । नेपाल टेलिकमले नयाँ बिलिङ प्रणालीका लागि खुलाएको बोलपत्र प्रक्रिया अन्तिम चरणमा आएर विशेष अवस्थाका कारणभन्दै गत असोज नौगते स्थगित गरेको थियो । कम्पनीले बोलपत्र आह्वानकाक्रममा आवेदकहरुको प्राविधिक मूल्यांकन पूरागरेर आर्थिक प्रस्तावको प्रक्रिया अगाडि बढाइसकेपछि स्थगित गरेको हो । टेलिकमले गत भदौ नौगते बिलिङ प्रणालीको 'टेन्डर' प्रक्रियामा भाग लिएकामध्ये चिनियाँ कम्पनी हुवावे टेक्नोलोजिज कम्पनी लिमिटेड प्राविधिक मूल्यांकनमा पर्याप्त आधारसहित छनोट भएको सूचना प्रकाशितनै गरिसकेको थियो ।

उक्त सूचनामा प्राविधिक मूल्यांकनमा छनोट भएको एकमात्रै कम्पनीको आर्थिक प्रस्ताव गत असोज २९ गते दिउँसो एकबजे खोल्नेसमेत उल्लेख थियो । टेलिकमलेभने यही कात्तिक सातगते नयाँ सूचना जारीगरी बोलपत्र आह्वान प्रक्रिया अर्को सूचना नभएसम्मका लागि स्थगित भएको जानकारी गरायो । उक्त सूचनामा टेलिकमले आर्थिक प्रस्ताव खोल्ने नयाँ मिति, समय र स्थानका लागि अर्को सूचना प्रकाशित गरिनेसमेत उल्लेख गर्‍यो । टेलिकमले उक्त सूचना प्रकाशित गरेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते बिलिङ प्रणालीको टेन्डर प्रक्रियाका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव मणिराम गेलालको नेतृत्वमा सात सदस्यीय एक समितिनै गठन गर्‍यो । यी सबै घटनाक्रमले टेलिकम कम्पनीको बिलिङ टेन्डर प्रक्रिया अहिले रोकिएको छ । हाल नेपाल टेलिकमको बिलिङ प्रणालीको काम चिनियाँ कम्पनी एशिया इन्फोले गरिरहेको छ । कम्पनीले सन् २०११ डिसेम्बरमा १० बर्षका लागि ठेक्का पाएको थियो । सन् २०२१ मा कम्पनीको एकबर्षका लागि म्याद थप गरियो भने सन् २०२२ मा पुनःपाँच बर्षका लागि कम्पनीको म्याद थप भयो । हालको अवस्थामा एशिया इन्फोको समयसीमा सन् २०२७ सेप्टेम्बरसम्म छ ।

उक्त समय सकिनुअघि नै टेन्डर प्रक्रिया पूरागरी नयाँ कम्पनी छनोट गरिसक्नुपर्नेछ । यदि उक्त समयअगावै टेन्डर प्रक्रिया पूरा नभए पुनःएशिया इन्फोकै म्याद थप्नुको बिकल्प नभएको जानकार बताउँछन् । नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानका अनुसार पछिल्लो समय टेन्डर प्रक्रिया रोकिँदा कामगर्न समस्या भएको छ । उहाँका अनुसार बिलिङ टेन्डर प्रक्रियामा नयाँ कम्पनीलाई दिनका लागि कम्तीमा २४ महिना अगाडि टुंगो लाग्नुपर्छ । उहाँले २४ महिना अगाडि नै कम्पनी छनोट भएको अवस्थामा डाटा माइग्रेसन लगायतका कामका लागि सहज हुन्छ, तर हामीसँग अब २२ महिनाको समय छ, ठेक्का प्रक्रिया जति ढिला हुन्छ, त्यतिनै गाह्रो हुन्छ भन्नुभयो । नेपाल टेलिकमले बिलिङ प्रणालीका लागि सन् २०२४ को मार्चमा पहिलोपटक टेन्डर आह्वान गर्‍यो । उक्त टेन्डर प्रक्रियामा अमेरिकी कम्पनी सिएसजी इन्टरनेसनलले मात्र भाग लियो । उक्त कम्पनी प्राविधिक मूल्यांकनमै बाहिरियो र टेन्डर रद्धभयो । त्यसपछि टेलिकमको बिलिङ प्रणालीमा काम गरिरहेका विश्वका शीर्ष कम्पनीहरु हुवावे, ह्वेल क्लाउड, सिएसजी, ओराकल, एमडक्स र नेटर्क्याकरसँग टेलिकम कम्पनीले बिजनस सपोर्ट सोलुसन र लागतबारे बुझ्न प्रस्ताव माग गरेको थियो । यीमध्ये अमेरिकी र युरोपेली कम्पनीहरुले बजेट अपर्याप्त भनेपछि टेलिकमले सम्भावित बिडरहरुसँग सम्भावित बजेटसहितको कोटेसन माग्यो । यद्यपि नेपाल टेलिकमले सर्वोच्च अदालतको आदेश देखाउँदै लागत नबढ्नेगरी पुरानै बजेटमा सन् २०२५ को मार्चमा बिलिङ प्रणालीका लागि पुनःटेन्डर आह्वान गर्‍यो । टेलिकमले पुरानै मूल्यमा बोलपत्र आह्वान गरेपछि अमेरिकी र युरोपियन कम्पनीहरुले भाग लिएनन्भने हुवावे र ह्वेल क्लाउडले मात्रै भाग लिए । प्राविधिक मूल्यांकनकाक्रममा टेलिकमले विज्ञहरुको टेन्डर मूल्यांकन समिति गठन गरेको थियो, जसले तीन महिना लगाएर मूल्यांकन गर्‍यो । टेलिकमले आवेदन दिएका दुई कम्पनीमध्ये प्राविधिक योग्यताका लागि पर्याप्त आधार भएको उल्लेखगर्दै हुवावेलाई छनोट गर्‍यो । खरिद कानूनअनुसार प्रविधिक प्रक्रियामा पास भएपछि छनोट भएको कम्पनीको आर्थिक पक्ष खोल्नुपर्ने हुन्छ । यदि आर्थिक प्रस्तावमा पनि उक्त कम्पनी योग्य ठहर भयो भने ठेक्का उसैलाई दिइन्छ । तर आर्थिक प्रस्ताव नबोली प्रक्रिया स्थगित भएको सूचना टेलिकमले जारी गरेपछि अहिले सम्पूर्ण प्रक्रिया अनिश्चित बनेको छ । बिलिङ टेन्डर प्रक्रिया शुरु भएपछि ०८१ जेठ २० गते सर्वोच्च अदातलमा नेटवर्कमा काम गरिरहेकै कम्पनीलाई बिलिङ प्रणालीको काम गराउँदा स्वार्थ बाझिनेभन्दै रिटदायर भयो ।

उक्त रिटमा सुनुवाइगर्दै न्यायाधीशद्वय डा नहकूलसुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजलासले बिलिङ प्रणालीको उत्पादक वा बिक्रेता कम्पनीको मुख्य सञ्चार प्रणाली ( नेटवर्क) अन्तर्गत रहनुपर्ने व्यक्तिको वैयक्तिक सूचना तथा तथ्यांकमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चततागर्दै खरिद प्रक्रियामा स्वार्थको द्वन्द नहुने अवस्थाको सुनिश्चिततागर्न आदेश दिएको थियो । यस विषयमा नेपाल टेलिकमका प्रवक्ता रविन्द्र मानन्धरले आफूहरुले सर्वोच्च अदालतको आदेशअनुसारनै ठेक्का प्रक्रिया अगाडि बढाएको बताउनुभएको छ । उहाँले मन्त्रालयले गठन गरेको छानबिन समितिका विषयमा आफूलाई धेरै जानकारी नभए पनि सर्वोच्च अदालतले **बाँकी ७ पेजमा**

# समाचार विविध

## बर्तमान सरकार पनि सार्बजनिक ऋृण उठाउने अभियानमा

काठमाडौं । बर्तमान सरकार पनि सार्बजनिक ऋृण उठाउने अभियानमा सक्रिय रहेको देखिएको छ । यसैक्रममा सरकारी ऋृण उठाउन सार्वजनिक ऋृण व्यवस्थापन कार्यालयले हालैमात्र दुईवटा बचतपत्रको बिक्री खुला गरेको थियो । सो कार्यालयले दुई अर्ब ५० करोड बराबरको नागरिक बचतपत्र-०८७ र ५० करोड बराबरको वैदेशिक रोजगार बचतपत्र-०८७ निष्काशनगर्न लागेको भनिएको छ । पाँच बर्ष अवधिका यी दुवै बचतपत्र खरिदका लागि आगामी २५ गतेसम्म आवेदन दिन सकिनेछभने मंसिर २८ गते निष्काशन हुने भनिएको छ । नागरिक बचतपत्रमा ६.५ प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा ७.५ प्रतिशत वार्षिक ब्याजदर उपलब्ध हुनेछ । बचतपत्रको ब्याज हरेक छ/छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुनेछभने घटीमा १० हजार र बढीमा कूल निष्कासित रकमको सीमामा नबढाई १० हजारले भागगर्दा निःशेष भाग जाने अंकमा खरिदगर्न पाइनेछ । नागरिक बचतपत्र नेपाली नागरिक र गैरआवासीय नेपाली नागरिकले खरिदगर्न सक्नेछन् । त्यस्तै, वैदेशिक रोजगार बचतपत्र मुलुकबाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको छमहिना पुगेका नेपाली नागरिक, गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममासमेत गर्न सक्नेछन् । सार्वजनिक ऋृण व्यवस्थापन कार्यालयले सञ्चालनगर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत बचतपत्र खरिदका लागि आवेदन दिन सकिनेछ । अघिल्ला बर्षमा नागरिक बचतपत्र शतप्रतिशत बिक्रीहुँदा वैदेशिक रोजगार बचतपत्रमा भने लगानीकर्ताको न्यून चासो देखिने गरेको छ । लगानीकर्तालाई बचतपत्रबारे पर्याप्त जानकारी नहुँदा विगतका बर्षमा निष्काशन गरिएको रकमभन्दा कममात्रै खरिद हुने सार्वजनिक ऋृण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले बताउनुभएको छ । उहाँले बचतपत्र के हो ? किन लगानी गर्ने ? कसरी लगानीगर्ने ? जस्ता विषयमा धेरैलाई जानकारी छैन । पछिल्ला बर्षमा खरिद गर्नेहरुको संख्या बढ्दै गएपनि अझै धेरैले जानकारी पाएका छैनन् भन्नुभएको छ । नागरिक बचतपत्रका लागि पछिल्लो चार दिनमामात्र ८० करोड बराबरको आवेदन परिसकेको पुडासैनीले जानकारी दिनुभएको थियो । यसबर्ष तोकिएको समय अघिनै खरिद भइसक्ने अनुमान गरिएको उहाँको भनाइ छ । उहाँकाअनुसार पहिलो आवेदन दिनेले पहिले खरिदगर्न पाउने यी बचतपत्र स्टककारुपमा जारी हुनेछन् । त्यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा आकर्षक रहेका जनाउँदै पुडासैनीले यसको महत्व र फाइदाबारे अधिकांश नागरिकलाई जानकारी नभएको बताउनुभयो । उहाँले लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन् । लगानीका यी बिकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण बचतपत्र हो भन्नुभएको छ । उपसचिव पुडासैनीका अनुसार बचतपत्र पूर्णरुपमा सुरक्षित लगानी हो । यसमा सरकारले मूलधनको सुशिन्चित गरेको हुन्छ । साथै बचतपत्रको ब्याज रकम हरेक छ महिनामा खरिदकर्ताको बैंक खातामा सिधैं जम्मा हुन्छ । यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिने पुडासैनीले उल्लेख गर्नुभएको छ । उहाँले दोश्रो बजारमा सहजै कारोबार हुने तथा बचतपत्र धारकले जुनसुकै बेला वा बेच्न चाहेको बेला बैंक तथा वित्तीय संस्थाले किन्नुपर्ने बाध्यात्मक व्यवस्था छ । सोहीकारण बचतपत्रलाई तत्काल तरलतामा रुपान्तरणगर्न सकिन्छ । अर्थात् आफूले खरिद गरेको बचतपत्र चाहेको समयमा तत्कालै बेच्न सकिन्छ भन्नुभएको छ । यसअघिका सरकारहरुले आन्तरिक र बाह्य दुबै ऋृणमा जोड दिँदै आएका थिए ।

## किसानलाई खाद्यमा धान बेच्न समस्या

काठमाडौं । खरिद कोटा कम हुँदा किसानलाई खाद्यमा धान बेच्न समस्या भएको थाहाभएको छ । प्राप्त समाचारअनुसार सरकारले तोकेको न्यून कोटाका कारण कञ्चनपुरका किसानहरुले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई धान बिक्रीगर्न पाएका छैनन् । कम्पनीले महेन्द्रनगरमा पाँचहजार क्विन्टलमात्रै धान खरिदको कोटा पाएको छ । उक्त कोटा पूरा भएपछि खाद्यले किसानको धान खरिदगर्न बन्द गरेपछि समस्यामा परेका हुन् । खाद्यले खरिद कोटा पूरा भइसक्यो भनेर टोकन नदिएपछि किसानहरु जिल्लिएका छन् । उहाँले खाद्यमा बिक्रीगर्न पाए राम्रो मूल्य पाइन्छ, बाहिर व्यापारीलाई सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ भन्नुभयो । उहाँजस्तै धान बिक्रीका लागि टोकन माग्दै किसानहरु दिनहुँ खाद्य कम्पनीको कार्यालयमा पुगिरहेका छन् । कतिपय किसानले खाद्यले धान खरिद नगर्ने बाहिर व्यापारीले किसानलाई मूल्य नदिने, हामी जहिल्यै मार्कामा पर्छौं । धान बिक्रीगर्न नपाउँदा घरमा भण्डार गरेर राख्नसमेत समस्या भएको छ भनेका छन् । अहिले बजारमा व्यापारीले प्रतिक्विन्टल दुई हजार ४००-दुई हजार ५०० सम्ममा धान खरिद गरिरहेका छन् । खाद्यले प्रतिक्विन्टल मोटो तीन हजार ४६३ र मध्यम तीन हजार ६८८ मा खरिद गरिरहेको छ । गत बर्ष खाद्यले महेन्द्रनगरमा १५ हजार क्विन्टल धान खरिदको कोटा पाएको थियो । त्यतिबेला तीन हजार ३०० क्विन्टलमात्रै खरिद भएकाले यसपटक कोटा घटाइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले जनाएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले एक साताअघि नै टोकन वितरण गरिसकिएको जनाएको छ ।

## घरजग्गा कारोबारमा मन्दी, राजश्व घट्यो

काठमाडौं । घरजग्गा कारोबारमा मन्दी आउँदा राजश्व घटेको थाहा भएको छ । जग्गाको कारोबार घट्दै जाँदा राजस्व संकलनमासमेत ह्रासआएको छ । कारोबारको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागकाअनुसार चालु आर्थिक बर्षको चार महिनामा राजस्व संकलनको मात्रा क्रमशः ओरालो लागेको छ । गत कात्तिक महिनामा देशभरका मालपोत कार्यालयले दुईअर्ब ७४ करोड ५१ लाख ७२ हजार १९९ बराबरको राजस्व संकलन गरेको थियो । गत असोजमा दुईअर्ब ७५ करोड ८५ लाख ५७ हजार ९२७ बराबरको राजस्व संकलन भएको थियो । त्यसैगरी भदौमा तीन अर्ब १४ करोड सातलाख १६ हजार ३३५ बराबरको राजस्व संकलन भएको थियो । गत साउनमा तीन अर्ब २८ करोड ९१ लाख ३८ हजार २४२ बराबरको राजस्व संकलन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ । विभागकाअनुसार गत कात्तिकमा सेवा करमार्फत २१ करोड ३४ लाख ४७ हजार ४१३, रजिष्ट्रेसन दस्तुर एकअर्ब ५० करोड ६२ लाख ९६ हजार १४ र पूँजीगत लाभकरमार्फत ९९ करोड ७८ लाख ४४ हजार ३९२ संकलन गरेको थियो । सरकारले घरजग्गा कारोबारमा सहजीकरण गरेको भए पनि राजस्व संकलन अपेक्षित रुपमा बढ्नसकेको छैन । केही दिन पहिलेमात्र सरकारले भूउपयोग (तेश्रो संशोधन) नियमावली संशोधन गरेको छ ।

## टेलीकमको..

गरेको फैसलाअनुसार नै प्रक्रिया अगाडि बढाएको बताउनुभयो। उहाँले सर्वोच्च अदालतले फैसलामा व्यक्तिको वैयक्तिक सूचना तथा तथ्यांकमा रु पहुँच नपुग्ने अवस्थाको सुनिश्चितता तथा यससम्बन्धी खरिद प्रक्रियामा स्वार्थको द्वन्द नहुने अवस्थाको सुनिश्चितगर्नु भनेको थियो। प्राविधिकरुपमा हेर्दा मोबाइल स्वीचिङ सेन्टर (एमएससी) नोड र बिलिङ प्रणालीबीच प्रोभिङ टुल्स हुने भएकाले गोपनीयतामा कुनै समस्या हुँदैन भन्नुभयो। त्यसैगरी हाल बिलिङको काम गरिरहेको एशिया इन्फोले पुरानो प्रविधि प्रयोग गरिरहेका कारण पटकपटक समस्या आइरहेको जनगुनासो पनि छ। उक्त विषयमा प्रवक्ता मानन्धरले पुरानो प्रविधिका कारणले मात्रै नभई कहिलेकाहीँ अन्य कारणले पनि समस्या आउने गरेको बताउनुहुन्छ। टेलिकमको सेवा अवरुद्ध बिलिङ प्रणालीको पुरानो प्रविधिको कारण मात्रै होभन्ने होइन, कहिलेकाहीँ ऊर्जा त कहिले लिङ्क टुट्दा पनि उक्त समस्या आउने गरेको छ, एउटामात्रै कारण नहुनसक्छ। यसैबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका निजी सचिव राकेश गुरुङले बिलिङ प्रणालीको ठेक्कासम्बन्धी छानिबनगर्न मन्त्रालयबाट गठित समितिले काम भइरहेको प्रतिक्रिया दिनुभयो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत १३ गते टेलिकमको बिलिङ प्रणालीका सम्बन्धमा छानबिनगर्न एक समिति गठन गरेको छ। मन्त्रालयले टेलिकमको बिलिङ प्रणालीसम्बन्धी खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रसाथ प्राप्त उजुरीलगायत सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको थियो। उक्त समितिले १५ दिनको समय प्राप्त गरेको थियो। छानबिन समितिमा पूर्वसचिव गेलालसँगै, सहसचिव गौरव गिरी, सहसचिव आदेश खड्का, सहसचिव कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक कमल लामिछाने र कानून मन्त्रालयका उपसचिव राजेश थापा रहनुभएको छ।

## सरकारी....

सबै जग्गा आफ्ना कार्यकर्ताको नाममा पास गरिदियो। अहिले यो ठाउँमा ७६ जिल्लाका नागरिकले जग्गा किनेर घर बनाएका छन्। यता, ०२४ सालमा तत्कालिन राजा महेन्द्रले सल्लाघारी तीनकुनेमा १०८ रोपनी दुई आना एक दाम जग्गा स्थानीयसँग प्रतिरोपनी एक हजार रुपैयाँमा किनेका थिए। राजतन्त्रको अन्त्यपछि यो जग्गा नेपाल ट्रष्टको नाममा आएको छ। तर, ट्रष्ट यसबारे बेखबरहुँदा यो जग्गा सबै व्यक्तिका नाममा गइसक्यो। अहिले यो जग्गा बढीमा ६० देखि ६५ रोपनीमात्र बाँकी छ। जसमा भक्तपुर नगरपालिकाको कब्जा छ त अरु जग्गा कतिपय पार्टीका कार्यकर्ताले कब्जा गरेका छन्। अर्कोतर्फ भक्तपुरमा जग्गा प्लटिङमा बिभिन्न पार्टीका नेता तथा कार्यकर्ता सक्रिय छन्। खेतीयोग्य जमिन उनीहरुले टुक्राटुक्रा बनाएका छन्। त्यो पनि काठमाडौं उपत्यका विकास प्राधिकरणको अनुमतिबेगर। अब प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालले यी सबैबारे छानबिन अघिबढाउनुपर्छ। सरकारी, सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, ढुंगेधारा, मठमन्दिरको जग्गा भोटका निम्ति आफ्ना कार्यकर्ताको नाममा पास गरिदिनेलाई आउँदो चुनावमा उम्मेदवार बन्नै दिनुहुन्न। पुरातत्व विभाग अब तात्नुपर्छ। सम्पदा मासेर बनाइएका घर भत्काउन ढिलो गर्नुहुन्न। भक्तपुर त उदाहरणमात्रै हो, देशभर यही भएको छ। त्यसैले, अब सरकारले कदम चाल्न आवश्यक भइसक्यो। भोटका निम्ति सरकारी सम्पत्ति दोहनगर्नेहरुलाई कानूनको दायरामा ल्याउनुपर्छ। आफ्नो फाइदाका निम्ति राज्यलाई हानिनोक्सानी पुऱ्याउने जोकोहीलाई कारवाही गर्नुपर्छ।

## आगामी...

वातावरणका निम्ति भूमिका खेल्न आग्रह गरेको छु। निर्वाचनको माहोल बनाउन राजनीतिक दलहरु पनि जिम्मेवार भएर लाग्नुपर्छ, त्यसको व्यवस्थापकीय पाटोमा सरकारले कुनै कसुर बाँकी राख्दैन। निर्वाचन सफल गराई मुलुकमा सुशासन प्रवर्द्धन, पुनर्निर्माण विकास गर्नु सरकारको मूल दायित्व रहेको छ। निर्वाचनलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण ढंगले पूरा गर्न आवश्यक कानून एवं नीति बनाई कार्यान्वयनमा ल्याउन सरकार सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछ। निष्पक्ष र स्वतन्त्र निर्वाचनले मात्र सुशासन, स्थायित्व र विकास सम्भव बनाउँछ। फागुन २१ को निर्वाचन लोकतन्त्रको अभ्यास मात्र होइन, देशको समृद्ध भविष्यको ढोका पनि हो। यो दिन नागरिकहरुले आफ्नो अमूल्य मत प्रयोग गरेर सक्षम, इमानदार र जनमुखी नेतृत्व चयन गर्ने भएकाले यसलाई लोकतान्त्रिक पर्वका रुपमा मनाउनुपर्छ। यो दिन जनताको मतले देशको नेतृत्व निर्धारण गर्छ। विवेकपूर्ण र जिम्मेवार मत प्रयोगले सक्षम सरकार निर्माण हुन्छ र त्यसले देशलाई समृद्धिको मार्गमा अघिबढाउँछ। त्यसैले, निर्वाचनमा सहभागी हुनु हरेक नागरिकको कर्तव्य हो र यसले लोकतन्त्रलाई अझ सबल बन्न सक्छ। सफल निर्वाचन हुनुले मात्र सरकार स्थिर र जिम्मेवार बन्छ, जसले देशमा सुशासन र विकासको मार्गप्रशस्त गर्छ। तोकिएको मितिमा निर्वाचन सम्पन्न गरी राजनीतिक दलहरुलाई सत्ता हस्तान्तरण गर्ने कुरालाई सरकारले अर्जुनदृष्टिका रुपमा लिएर अगाडि बढिरहेको छ। (**प्रस्तुत विचार नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलसँग राससद्वारा गरिएको कुराकानीमा आधारित)**

## विदेशमा..

साउदीले मध्यान्ह १२ बजेदेखि तीन बजेसम्म प्रत्यक्ष घाममा बाहिर कामगर्न रोक त लगाएको छ। श्रमिकको सुरक्षाका लागि चालिएका कदमहरु पूर्णरुपमा अपर्याप्त रहेको उल्लेख छ। एम्नेष्टिले आफ्नो पछिल्लो प्रतिवेदनमा साउदीमा सीमित सुधारका बाबजुद पनि कफाला प्रणाली व्यवहारमा अझै कायम रहेको दाबी पनि गरेको छ। प्रतिवेदनमा आप्रवासी श्रमिकको अधिकार सुनिश्चित गर्नुभन्दा उनीहरुको कानूनी स्थिति निरीक्षणमा केन्द्रीत छ। श्रम संरक्षणका नियमको कमजोर कार्यान्वयनसगै दुर्व्यवहारजन्य श्रम अभ्यास भइरहेको छ। यस्तो परिस्थितिमा कम्पनीले मानवअधिकारका सम्भावित उल्लंघन रोक्न सक्रिय रुपमा उच्चस्तरको मानवअधिकार सतर्कता अपनाउनु अत्यावश्यक रहेको उल्लेख छ। अत्यधिक सब-कन्ट्र्याक्टिङ भएका कारण ठूलो बहुराष्ट्रिय कम्पनीहरुसमेत श्रमिक शोषणसग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिन सक्ने जोखिम अत्यधिक रहेको एम्नेष्टिको भनाइ छ। एम्नेष्टिले बिभिन्न कम्पनीहरुलाई पनि उच्चस्तरीय मानवअधिकार सतर्कता अपनाउन विस्तृत मूल्यांकबिना परियोजनामा नजोडिन चेतावनीसमेत दिइएको छ।

## अक्टोबर...

साथ सम्पन्न भयो। अनि त्यसपछिका साताहरुमा लगातार मास्को र अन्य केन्द्रहरुमा अझैपनि जार समर्थक,भक्त र समर्पित प्रतिरोधीहरु र प्रतिक्रान्ति कारीहरुलाई परास्तगर्दै क्रान्तिकारी सेनाले पूरै रुसभरीनै पुरानो जार साम्राज्य र सत्ताका अरु क्षेत्रहरुमा पनि सोभियत शक्तिको स्थापनागर्दै गयो। यसप्रकार क्रान्तिको समग्र बिजय भयो र लेनिनको नेतृत्वमा शासनगर्ने सरकार होइन सेवागर्ने 'जन कमिसार काउन्सिल' स्थापनागर्ने महत्वपूर्ण मोडमा आइपुग्यो। यसले प्रष्ट पार्दछकि क्रान्तिपछि शासक होइन, क्रान्तिकारी जन सेवक बन्ने हो। संघर्षको बेला बोल्शेभिकहरुले जनतालाई 'भूमि, शान्ति र भोजन' भन्ने महत्वपूर्ण नाराको वरिपरी एकताबद्ध गरेका थिए। ठीक त्यही कुरालाई मूर्त र प्रष्टरुपमा अघिबढाउन लेनिन नेतृत्वको 'जन कमिशार काउन्सिल'ले पहिलो महत्वपूर्ण कदम चाल्दै अखिल रुसी मजदुर, किसान र सैनिक प्रतिनिधिहरुको 'सोभियत' समक्ष पहिलो पटक सबैभन्दा उच्च प्राथमिकताकासाथ 'भूमि र शान्ति' सम्वन्धि सबैभन्दा गम्भीर महत्वको आज्ञाप्ति जारी गऱ्यो। यो भूमि आज्ञाप्ति जारी गरेपछि जमिन्दारहरुको सबै जमिन,चर्च र गुम्बाहरुको अधिनमा रहेका जमिन र जमिनसँग सम्वन्धित सम्पत्तिहरु स्थानीय र जिल्लास्तरीय किसान सोभियत कमिटीरुलाई सुम्पनु पर्ने नियम बनाएर तदारुखताकासाथ त्यसलाई लागु गऱ्यो। अनि यस कदम सँगसँगै अर्को महत्वपूर्ण आज्ञाप्ति – 'शान्ति सम्वन्धि आज्ञाप्ति'ले ततकाल युद्धको अन्त्यगर्न, र युद्धमा संलग्न सबै सम्बद्ध देशहरुसँग शान्ति बार्तागर्न ठोस प्रस्तावकासाथ जोडदार अपील गऱ्यो। त्यो सोभियतहरुको नवगठित 'जन कमिसार काउन्सिल'ले कुनै क्षतिपूर्ति र बिजित या पराजित भूभागको कुनै कुरा बिनानै यस्तो शान्ति सम्झौतामा तत्कालै सहभागी हुने दृढता ब्यक्तगर्दै शान्ति सम्झौतामा हस्ताक्षरगर्न सरकार दृढ रहेको कुरा ब्यक्त गरेर प्रकाशमा ल्यायो र यसरी शान्तिलाई सर्वोच्च प्राथमिकता दियो। क्रान्ति सम्पन्न भएपछि बनेको पहिलो जन कमिसार काउन्सिलका यस्ता महत्वपूर्ण र आधारभूत आज्ञाप्तिका अतिरिक्त अझशिक्षाको अन्त्य, प्राथमिक शिक्षा सबैलाई अनिवार्य, स्वास्थ्योपचारको सुबिधा सबैलाई तथा नयाँ समाजवादी सोभियत संघको निर्माण(यूएसएसआर) जस्ता थप कुराहरुसमेत त्यो आज्ञाप्ति मार्फत प्रस्तुत गरियो। वास्तवमा जारकालीन रुस 'बिभिन्न जातिहरुका निमित्त एउटा बन्दी गृह' जस्तै नै थियो। रुसी क्रान्तिले ती गैररुसी सबै जातिहरुलाई त्यो औपनिवेशिक दासताको बन्दीको स्थितिबाट मुक्त गरिदियो र तिनलाई समाजवादी सोभियत यूनियनभित्र स्वायत्त शासन प्रणाली प्रदानगरेर उच्च चरणाको बिकासाको बाटो खोलिदियो। तर भर्खर जन्मिएको कलिलो समाजवादी सोभियत संघले यी कुराहरु अघि बढाउन पाउदा नपाउदै त्यसले तत्कालै प्रतिक्रान्तिकारी शक्तिहरुको तीब्र प्रतिरोधको सामना गर्नुपरेको थियो। वास्तवमा त्यतिबेला रुसमा एउटा जटील गृह युद्धको आगो दन्कियो। त्यसले गर्दा लाल सेनाले श्वेत सेना र प्रतिक्रान्तिकारी शक्तिहरुसँग भिड्नैपर्ने स्थिति आयो। बृटेन, जर्मनी र फ्रान्स लगायत १० वटा पूँजीवादी देशहरुले रुसको क्रान्तिबिरोधी शक्तिलाई हातहतियार र रसदपानी समेतको निरन्तर ठूलो समर्थन र सयहयोग गरिरहेका थिए। चार बर्षसम्म यस्तो घनघोर लडाई चलेपछि लालसेनाले क्रान्तिबिरोधी प्रतिकृयावादी शक्ति र श्वेत सेनामाथि बिजय हासिल गऱ्यो। त्यस प्रकृयामा मजदुर किसानको भखरै स्थापित भएको सत्ताले अत्यन्तै ठूलो मूल्य चुकाउनु परेको र अभूतपूर्व बलिदान दिनु परेको थियो। यो आलेखको आरम्भमा नै भनिएको छकि त्यो महान समाजवादी अक्टोबर क्रान्ति बिश्वमा पहिला पहिला भएका बिभिन्न प्रकृतिका क्रान्तिहरुभन्दा भिन्न,उच्च र गुणात्मक हिसाबले नै उन्नतस्तरको क्रान्ति थियो र हो। सन् १७८९ मा भएको प्रसिद्ध फ्रान्सेली क्रान्तिदेखि यता पनि बिश्वमा अरु ठूल्ठूल क्रान्तिहरु हुदै र तिनले सत्ता हातमा लिदै पनि आएका हुन्। तर ती क्रान्तिहरु मार्फत पुरानो सामन्त बर्गको हातमा रहेको राज्य शक्ति बुर्जुआ बर्ग अर्थात् पूजीवादी बर्गले हस्तगत गरेको हो। यसरी पुरानो शोषक बर्गको स्थानमा नयाँ शोषक बर्ग फेर्नेरुपमा मात्र ती पुराना क्रान्तिहरु भएका थिए। तर महान अक्टोबर क्रान्ति ती क्रान्तिहरु भन्दा फरक क्रान्ति थियो र हो। निश्चय नै इतिहासका बिभिन्न चरणमा बिभिन्न ठूल्ठूला क्रान्तिकारी आन्दोलन र परिबर्तनहरु भएका हुन्। उदीयमान नयाँ शोषक बर्गले पुरानो शोषक बर्गलाई सत्ताबाट बिस्थापित पनि गरेको हो। यही घटना सामन्त बर्गबिरुद्ध पूँजीवादी बर्गले क्रान्तिगर्दा पनि घटेको हो। तर अक्टोबर समाजवादी क्रान्ति यस अर्थमा के फरक छ भने शोषक शासक बर्गको सत्तालाई समाप्त पारेर यो क्रान्तिले शोषित पीडित मजदुर, बिपन्न किसान जो शोषक बर्गबाट हर किसिमले प्रताडित थिए तिनले शोषक बर्गको शासन सत्ता पल्टाइदिए। क्रान्ति पछि हिजोको जस्तो नयाँ शोषक बर्गको सत्ता होइन कि शोषित पीडित बर्गको सत्ता बिश्वमा पहिलो पटक स्थापित र आरम्भ भयो। रुसको त्यो महान समाजवादी क्रान्तिमा सर्बहारा श्रमजीवी बर्गको नेतृत्वदायी भूमिका रहेकोलेगर्दा यो बिश्वको पहिलो समाजवादी क्रान्ति भनेर परिचित भयो। लेनिनले के प्रष्ट भनेका छन्भने क्रान्ति त्यतिबेला मात्र सम्पन्न र सफल भएको मानिने छ जति बेला पुरानो राज्य यन्त्र सबै किसिमले समाप्त हुन्छ र नयाँ जन राज्ययन्त्र स्थापित हुन्छ। ठीक यही कुरा त्यसबेला रुसमा सम्पन्न भएको थियो। जुन क्रान्तिले रुसको पुरानो सामन्ती जारशाही सत्तालाई समाप्त पारेको थियो र नब स्थापित समाजवादी सोभियत संघ खडा गरेको थियो। जुन मजदुर, बिपन्न किसान लगायत सबै बर्गीय शोषण र समाजिक उत्पीडनमा परेका बर्ग र समुदायको शासन सत्ता कायम भएको थियो। जहाँ उत्पादनका साधनहरुको समाजिककीरकण गरिन्छ र उद्योग, जमिन र कृषि तथा अन्य उत्पादनका साधनहरु राज्यको मातहतमा हुने र सबैले सामुहीक स्वामित्व ग्रहण गर्ने कुरा यसमा निहीत थियो । वास्तबमा समाजवादी उत्पादन पद्धति बिश्वमा पहिलो पटक त्यही सोभियत सत्ताले ब्यबहारमा उतारेको, कायम गरेको र सफल पारेको हो। यसरी बिश्वको क्रान्तिकारी आमूल परिवर्तनवादी दर्शन मार्क्सवादलाई सही किसिमले बुझ्दै, पक्रिदै र लागूगर्दै तथा अझ बिकसित तुल्याउँदै लेनिनले जुन समाजवादी सोभियत संघ स्थापित र बिकसित गरेका थिए र स्तालिनले त्यसलाई थप अर्थ-सामाजिक आधार प्रदान गरेर अघि बढाएका थिए त्यो शोषणरहीत बिश्व समाज आज रहेको छैन। सोभियत कम्युनिष्टनेतृत्वमा आएको घोर सैद्धान्तिक बिचलन र बाह्य प्रतिकृयावादी शक्तिहरुको कारण शोषित पीडित जनताको त्यो बिश्वको पहिलो राज्य ब्यवस्था समाप्त भयो। तर त्यसले स्थापना गरेका अर्थ-सामाजिक तथा राजनीतिक मानवीय मूल्य-पद्धति र क्रान्तिकारी मूल्यबान परम्पराले आज पनि बिश्वका शोषित पीडित जनतालाई आफ्नो मुक्ति र प्रगतिको निमित्त अजश्र प्रेरणा दिइरहेको छ र सही, रचनात्मक र मानवीय बाटो देखाइरहेको छ। त्यो महान अक्टोबर समाजवादी क्रान्तिको धेय अमर रहोस् ! **लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**

## नेपालमा....

आफूलाई चर्को क्रान्तिकारी बताउनेहरु दक्षिणपन्थी एवं कम्युनिष्ट बिरोधीहरुका सल्लाहकार भएका छन्। त्यस्तै छद्मभेषि क्रान्तिकारीले सल्लाहदिँदा गत भदौ २७ गतेको घटना भएको छ। जसले नेपालको राष्ट्रिय राजनीतिलाई प्रतिगामी बाटोमा पुऱ्याएको देखिएको छ। उनीहरु पुरानै कुराहरुलाई उरालेर फेरी आगामी निर्वाचनमा बहुमत ल्याउने र सत्ता र शक्तिमा पुग्ने सपना देखिरहेका छन्। सिद्धान्त निष्ठताको साटो सिद्धान्तहीनता तथा अवसरवादिता, इमान्दारीताको साटो बेइमानी, खरोपन तथा खुल्लापनको साटो दोधारेपन र रहस्यात्मकताको, निष्कपटताको साटो पाखण्डीपनको, गुणको साटो चापलुसीको, सत्यको साटो पाखण्डीपनको, गुणको साटो चापलुसीको, सत्यको सोटो असत्य तथा अर्ध-सत्यहरुको चकचकी बढिरहेको पाइएको छ। जुन कुरा सच्चा कम्युनिष्ट हरुका लागि आफैमा चुनौतीको बिषय हो। त्यसैले नेपालमा कम्युनिष्ट पार्टी र राजनीति छरप्रष्ट हुनुका कारणबारे नयाँ ढंगले अध्ययन, छलफल र नयाँ निष्कर्षका साथ अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ। जसकाबारेमा बिस्त्रित छलफल आजको प्रमुख आवश्यकता भएको छ। हुन त देशको समग्र राजनीतिकै बारेमा समीक्षा र परिमार्जन आजको आवश्यकता भएको छ। यसतर्फ देशको बौद्धिक बर्गको ध्यानाकर्षण हुन सक्नुपर्दछ।

## पूर्व.

गिरफ्तारीहरु, विशेषतः हसिना समर्थकमाथि देखिएको कठोरताप्रति चिन्ता व्यक्त गर्नुभएको छ। तर उहाँको विश्लेषण छ–अन्तर्राष्ट्रिय समुदायले अन्तरिम सरकारलाई कमसेकम चुनावसम्म सहयोग गर्नेछ। फेब्रुअरीमा शान्तिपूर्ण, विश्वसनीय र निष्पक्ष चुनाव सम्पन्नगर्ने दायित्व अहिले अन्तरिम नेतृत्वको मुख्य जिम्मेवारी हो। अवामी लिगमाथि लगाइएको प्रतिबन्धका कारण पूर्व प्रधानमन्त्री खालिदा जियाको नेतृत्वमा रहेको बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) तथा सबैभन्दा ठूलो इस्लामवादी पार्टी जमात-ए-इस्लामीलाई निष्पक्ष रुपमा सहभागिता गराउनुपर्ने कठोर परीक्षा युनुसले सामना गर्नुपरेको विश्लेषक मुस्तफाको भनाइ छ। यसैक्रममा बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाका छोरा सजीब वाजेदले बंगलादेश सरकारले भारतलाई गरेको सुपुर्दगी अनुरोध अवैध भएकोभन्दै नयाँ दिल्लीले यस विषयमा कार्य नगर्ने विश्वास व्यक्त गर्नुभएको छ। वाजेदले भारत सरकारलाई यो अनुरोधलाई कसरी सम्हाल्ने भनेर राम्रोसँग थाहाभएको जनाउदै भारत सरकारले यस्तो अवैध अनुरोधको जवाफ नदिनेभन्दै भारतीय लोकतन्त्र र विधिको शासन माथी विश्वास व्यक्त गर्नुभएको छ। बंगलादेश अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले गतसाता सोमबार शेख हसिना र उहाँका निकट सहयोगी, पूर्व गृहमन्त्री असदुज्जमान खानलाई मृत्युदण्डको सजाय सुनाएको छ। त्यसैगरी तेश्रो अभियुक्त पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्ला अल-मामुनलाई सन् २०२४ मा जुलाई-अगष्ट विद्रोहको क्रममा मानवता विरुद्धको अपराध गरेकोमा राज्य साक्षी बनेको कारण पाँचबर्षको जेल सजाय सुनाइएको छ। हसिनाले आफ्नो विरुद्धमा गरिएको फैसलाको जवाफदिँदै बिना निर्वाचन बनेको सरकारले स्थापनागरेको र अध्यक्षता गरेको धांधलीयुक्त न्यायाधिकरणले गरेको निर्णयमा कुनै लोकतान्त्रिक जनादेश नभएको बताउनु भएको छ। यसअघि विदेश मन्त्रालयले शेख हसिनासँग सम्बन्धित बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले घोषणा गरेको फैसलालाई भारतले ध्यानमा राखेको र भारत बंगलादेशका जनताको सर्वोत्तम हितका लागि प्रतिबद्ध रहेको बताएको थियो। हसिनालाई मृत्युदण्डको सजाय सुनाइएपछि पनि गतसाता मंगलबार बंगलादेशको राजधानी ढाका तथा प्रमुख शहरहरु सामान्यरुपमै सञ्चालनमा रहेका छन्। उहाँको पूर्व सत्तारुढ अवामी लिग पार्टीले देशव्यापी बन्दको आह्वान गरे पनि सेवासुविधा, पसल तथा बिद्यालयहरु खुल्लै रहेका थिए। अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले गएको बर्षका बिद्यार्थी आन्दोलनहरुलाई लक्षितगर्दै घातक बल प्रयोग गरेको आरोपमा हसिना तथा पूर्व गृहमन्त्री असदुज्जमान खानलाई मृत्युदण्डको सजाय सुनाएको थियो। अदालतको फैसलापछि अवामी लिगले त्यसलाई अस्वीकार गरेको थियो र भोलिपल्ट देशव्यापी बन्दको घोषणा गरेको थियो। गतसाता विरोधीहरुले शेख मुजीबुर रहमानको ऐतिहासिक घर भत्काउन उत्खनन प्रयोगगर्ने प्रयास समेत गरे। यसैबीच पूर्व राष्ट्रपति अब्दुल हमिदको किशोरगञ्जस्थित घरमा तोडफोड गरिएको स्थानीय सञ्चारमाध्यमहरुले जनाएका छन्। तर गतसाता मंगलबार शहरमा शान्त वातावरण देखिएको थियो। ढाकाका व्यापारी मोहम्मद साइकोट हुसेनले यहाँ वास्तविक क़ानूनको शासन नै छैनभन्दै आफ्ना सन्तानहरुको भविष्यप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले विगतदेखि हालसम्म सत्तामा बसेकाहरुले कानूनलाई मनपरी ढंगले प्रयोगगर्दै आएको टिप्पणीगर्दै हाम्रा छोराछोरीहरु यस्तै वातावरणमा हुर्किरहेका छन्–न लक्ष्य छ, न भविष्य। उनीहरु कहाँ पुग्लान् भन्नेमा म अत्यन्तै चिन्तित छु भन्नुभएको थियो। पछिल्ला घटनाक्रमले बर्तमान कामचलाउ सरकार सत्ता लम्ब्याउने दाउमा रहेको देखाएका छन्। बंगलादेशको सर्वोच्च अदालतले हालैमात्र कामचलाउ सरकार प्रणाली पुनःस्थापितगर्ने निर्णय सुनाएको थियो। कामचलाउ प्रणाली सन् १९९६ मा प्रारम्भ भएको हो र बंगलादेशी नागरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले १७ करोड जनसंख्या भएको त्यस देशको संसदीय लोकतन्त्रमा निष्पक्ष निर्वाचनतर्फको सशक्त कदमकारुपमा यसलाई हृदयदेखि स्वीकार गरेका थिए। त्यसपछिका दुई निर्वाचनमा सेवानिवृत्त दुई मुख्य न्यायाधीशको नेतृत्वमा बनेका कामचलाउ सरकारले ९० दिनभित्र चुनाव सम्पन्न गराई विजयी दललाई सत्ता हस्तान्तरण गरेको थियो। सन् २००८ को निर्वाचनसमेत केन्द्रीय बैंकका पूर्व गभर्नरको नेतृत्वमा निष्पक्षरुपमा सम्पन्न भएको थियो। तर राजनीतिक असहमतिका कारण सन् २०११ मा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको कार्यकालमा अदालतको सुझावमा यही प्रणाली खारेज गरिएको थियो। विपक्षीहरुलेभने उहाँले भविष्यका चुनावमा प्रभाव पार्ने उद्देश्यले यस्तो कदम चाल्नुभएको आरोप लगाएका थिए। त्यसभन्दा पछिका सन् २०१४, सन् २०१८ र सन् २०२४ का चुनावहरु हसिनाको प्रशासनको निगरानीमा सम्पन्न भएका थिए। जसले उहाँलाई निरन्तर सत्तामा राख्यो तर ती चुनावहरुलाई विश्वसनीय मानिएन। मुख्य प्रतिद्वन्दी खालिदा जियाको नेतृत्वमा रहेको बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) ले कामचलाउ सरकार नभएकोभन्दै सन् २०१४ र सन् २०२४ को निर्वाचनसमेत बहिष्कार गरेको थियो। तर हसिनाले उनीहरुको मागलाई स्वीकार गर्नुभएको थिएन। सामूहिक विद्रोहपछिको पहिलो राष्ट्रिय चुनाव केही हप्तामै नजिकिँदैगर्दा बंगलादेश प्रहरीले गहिरोरुपमा क्षतिग्रस्त भइसकेको जनविश्वास पुनर्निर्माणगर्ने आशामा नयाँ वर्दी अनावरणगर्दै सुधारको संकेत दिएको छ। तर बिग्रिएको प्रतिष्ठालाई केवल वर्दीले सुधार्न सकिन्छ कि सकिँदैन भन्नेबारे धेरैमा गहिरो शंका रहिरहेकै छ। हसिनाकै मुद्दासँग मिल्दोजुल्दो आरोपमा दोषी ठहरिएका पूर्व प्रहरी प्रमुखलाई पाँच बर्षको कैद सजाय सुनाइएको छ। साथै हत्याको अभियोगमा खोजी भइरहेका करिब ५५ वरिष्ठ अधिकारी भारत भागेको प्रहरीको दाबि छ। तर सेवारत अधिकारीहरुको पीडा पनि कम छैन। अशान्तिका क्रममा ४४ जना प्रहरी अधिकारी मारिएका छन्, तर अन्तरिम सरकारले प्रदर्शनकारीहरुलाई कानूनी उन्मुक्ति दिन सहमति जनाएकोमा उनीहरु रोष प्रकट गर्छन्। नोबेल पुरस्कार विजेता भनिएका मुहम्मद युनुसको नेतृत्वमा बनेको बर्तमान अन्तरिम सरकारले प्रहरी सुधार आयोग गठन गरेको भएपनि प्रगति सुस्त रहेको छ। अत्यधिक बल प्रयोगका आरोप जारी छन् र जनविश्वास यति कमजोर बनेको छकि धेरै क्षेत्रमा भीडले आफ्नै हातले न्याय गरिरहेको पाइन्छ, जसमा अपहरणदेखि कुटपिट र हत्या सम्मका घटनाहरु बढेका छन्। मानव अधिकार संस्था ऐन ओ सालिस केन्द्रका अबु अहमद फैजुल कबीर म ठूलो परिवर्तन देख्दिनँ। पछिल्ला १० महिनामा हिरासतमा करिब २८ जनाको मृत्यु भइसकेको बताउनु हुन्छ। मानव अधिकार समूह ओधीकरले प्रकाशित गरेको नोभेम्बरको तथ्यांकअनुसार विद्रोहपछिको एक बर्षमा मात्रै करिब ३०० जनाको मृत्यु राजनीतिक हिंसाका कारण भएको छ। ठूला राजनीतिक दलका सरकारहरुले प्रहरीलाई राजनीतिक औजार का रुपमा प्रयोगगर्दै आएको आरोप निकै पुरानो हो। यसरी बंगलादेश क्रमशः अनिश्चितताको भूमरीमा फस्दै गएको देखिएको छ। जसबाट नेपाल लगायतका देशहरुले सिक्नुपर्ने अवस्था छ। नेपालका पछिल्ला घटना पनि बंगलादेशसँग मिल्दा जुल्दा रहेका छन्।